भिमाद नगरपालिका, नगरसभाको २२ औं अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०८३/०८४ को

वार्षिक नगर विकास योजना

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

"समृद्ध भिमादको आधार: आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार"

वार्षिक नगर विकास योजना

आ.व. २०८३/०८४ का लागि
नगर सभाको बाइसौं अधिवेशनबाट स्वीकृत
वार्षिक नीति तथा कार्यक्रम र बजेट

प्रकाशक

भिमाद नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ

गण्डकी प्रदेश, नेपाल

प्रकाशन मिति : २०८३ श्रावण १५ गते, शुक्रबार

Tel : 065-572436

Website: www.bhimadmun.gov.np

E-mail: info@bhimadmun.gov.np, bhimadmuncipality@gmail.com

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

नगर प्रमुखको भनाई



भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नगर विकास योजना स्थानीय तहको योजना निर्माणका विभिन्न चरणहरू पूरा गरी कार्यान्वयनका लागि तयार गरिएको यो पुस्तक यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु। नेपालको संविधानले परिकल्पना गरेको समृद्ध, समावेशी, उत्तरदायी तथा सुशासनयुक्त स्थानीय सरकारको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्ने माध्यमका रूपमा यस वार्षिक नगर विकास योजनालाई लिइएको छ। **समृद्ध भिमादको आधार: आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार** भन्ने मूल नारालाई मनन् गरी नगरसभाको २२औँ अधिवेशनबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटका आधारमा तयार गरिएको यो विकास योजनाले आगामी आर्थिक वर्षका विकास गतिविधिहरूलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्पष्ट मार्गदर्शन गर्ने विश्वास लिएको छु।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकका आवश्यकता, अपेक्षा र आकाङ्क्षालाई सम्बोधन गर्नु हाम्रो पहिलो दायित्व हो। सीमित स्रोत र साधनका बाबजुद उपलब्ध स्रोतको न्यायोचित, सन्तुलित र परिणाममुखी परिचालनमार्फत नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ योजनाहरू तर्जुमा गरिएको छ। विकासका प्रतिफल सबै वर्गका नागरिक, टोल, समुदाय तथा वडा सम्म समान रूपमा पुग्ने गरी नीति कार्यक्रम निर्माण गरी योजना छनोट तथा बजेट विनियोजन गरिएको छु।

यस आर्थिक वर्षमा स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी, सडक तथा पूर्वाधार विकास, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, रोजगार सिर्जना, उद्यमशीलता प्रवर्द्धन, सूचना प्रविधिको विस्तार, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि परेका समुदायको सशक्तीकरणलाई विशेष प्राथमिकता दिइएको छ। यसैगरी सुशासन, वित्तीय अनुशासन, सेवा प्रवाहमा प्रविधिको प्रयोग तथा संस्थागत क्षमता अभिवृद्धिलाई समेत जोड दिइएको छ।

नगरपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजनाले निर्धारण गरेका लक्ष्य, दिगो विकास लक्ष्य, संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, स्थानीय आवश्यकता, वडा तहबाट प्राप्त योजना, विषयगत समितिका सुझाव तथा सरोकारवालाहरूको सहभागितालाई आधार मानी यो वार्षिक नगर विकास योजना तयार गरिएको हो। सहभागितामूलक योजना तर्जुमा प्रक्रियाले स्थानीय लोकतन्त्रलाई थप सुदृढ बनाउनुका साथै विकासप्रतिको नागरिक स्वामित्व अभिवृद्धि हुने विश्वास लिएको छु।

विकास निर्माणका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनप्रतिनिधि, कर्मचारी, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था, विकास साझेदार तथा सम्पूर्ण नगरवासीको सक्रिय सहयोग अपरिहार्य रहनेछ। नगरपालिकाले पारदर्शिता, जवाफदेहिता, मितव्ययिता तथा नतिजामुखी कार्यसम्पादनलाई उच्च प्राथमिकतामा राखी सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने प्रतिबद्धतासाथ यो वार्षिक विकास कार्यक्रम कार्यान्वयनमा गर्ने विश्वास दिलाउन चाहन्छु।

अन्त्यमा, यस वार्षिक नगर विकास योजना तयार गर्ने क्रममा अमूल्य सुझाव, सल्लाह र सहयोग प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, नगरसभा सदस्य, विषयगत समिति, कर्मचारी, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु। स्वीकृत योजना तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण नगरवासीबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दै भिमाद नगरपालिकाको समृद्धि, सुशासन र दिगो विकासका लागि सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

श्रावण, २०८३

.....

दधिराज सुवेदी

नगर प्रमुख

नगर उपप्रमुखको भनाई



भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नगर विकास योजना नगरसभाको २२औँ अधिवेशनबाट स्वीकृत भई प्रकाशनको चरणमा पुगेको अवसरमा सम्पूर्ण नगरवासीमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

स्थानीय सरकार नागरिकको घरदैलोको सरकार हो। नागरिकका आवश्यकता, आकाङ्क्षा र विकासका चाहनालाई योजनाबद्ध रूपमा सम्बोधन गर्दै समृद्ध, समावेशी र सुशासित नगर निर्माण गर्नु हाम्रो साझा दायित्व हो। यही उद्देश्यलाई आत्मसात् गर्दै नगरपालिकाले उपलब्ध स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग हुने गरी नीति, कार्यक्रम तथा बजेटका आधारमा वार्षिक नगर विकास योजना तयार गरेको छ।

यस योजनामा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार विकास, खानेपानी तथा सरसफाइ, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सामाजिक सुरक्षा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायको सशक्तीकरणलाई प्राथमिकतामा राखिएको छ। साथै, न्यायमा नागरिकको सहज पहुँच, मेलमिलाप प्रवर्द्धन, सुशासन, पारदर्शिता, वित्तीय अनुशासन तथा प्रभावकारी सेवा प्रवाहलाई समेत विशेष महत्व दिइएको छ।

वार्षिक विकास योजना निर्माणका क्रममा वडा तहबाट प्राप्त योजना, विषयगत समितिका सुझाव, सरोकारवालाको सहभागिता, नगरपालिकाको आवधिक योजना तथा संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई समुचित रूपमा समेटिएको छ। सहभागितामूलक योजना तर्जुमा प्रक्रियाले स्थानीय लोकतन्त्रलाई थप सबल बनाउनुका साथै विकासप्रति नागरिकको अपनत्व अभिवृद्धि गर्ने विश्वास लिएको छु।

स्वीकृत योजना तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम तथा सम्पूर्ण नगरवासीको सक्रिय सहयोग र सहकार्य अपरिहार्य रहनेछ। योजनाको प्रभावकारी कार्यान्वयनबाट नगरवासीको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने र समुन्नत भिमाद निर्माणको यात्राले थप गति लिने विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, यस वार्षिक नगर विकास योजना तयार गर्ने क्रममा अमूल्य सुझाव, सल्लाह तथा सहयोग प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, नगरसभा सदस्य, कर्मचारी, विषयगत समिति, राजनीतिक दल, नागरिक समाज, विकास साझेदार, सञ्चारकर्मी तथा सम्पूर्ण सरोकारवालाप्रति हार्दिक आभार व्यक्त गर्दछु। स्वीकृत योजना तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण नगरवासीको निरन्तर सहयोग रहने विश्वासका साथ सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

श्रावण, २०८३

शारदा

.....

शारदा खनाल
नगर उपप्रमुख

भिमाद नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिमाद, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृतको भनाई



भिमाद नगरपालिकाको नगरसभाको २२औँ अधिवेशनबाट आर्थिक वर्ष २०८३/०८४ का लागि स्वीकृत नीति तथा कार्यक्रम, बजेट, विनियोजन ऐन तथा आर्थिक ऐन कार्यान्वयनको चरणमा प्रवेश गरिसकेको छ । उक्त नीति, कार्यक्रम, बजेट, ऐन तथा स्वीकृत योजनाहरूलाई एकीकृत रूपमा समेटी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नगर विकास योजना प्रकाशन गर्न पाउँदा अत्यन्त खुशी लागेको छ ।

वार्षिक नगर विकास योजना स्थानीय तहको समग्र विकास व्यवस्थापनको महत्वपूर्ण दस्तावेज हो । यस पुस्तिकाले नगरपालिकाबाट आर्थिक वर्षभरि सञ्चालन हुने योजना तथा कार्यक्रम, बजेट विनियोजन, विकासका प्राथमिकता तथा कार्यान्वयनका आधारहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेको छ । यसले जनप्रतिनिधि, कर्मचारी, सेवा प्रदायक वडा कार्यालय एवम् स्वास्थ्य संस्थाहरू, विकास साझेदार तथा आम नगरवासीलाई योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहयोग पुग्ने विश्वास लिइएको छु ।

यस आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय विकासका दीर्घकालीन लक्ष्य, सोह्रौँ योजना, गण्डकी प्रदेश सरकारका नीति तथा कार्यक्रम, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, दिगो विकास लक्ष्य, नगरपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजना तथा स्थानीय आवश्यकता र प्राथमिकतालाई आधार बनाइएको छ ।

नगरपालिकाले उपलब्ध स्रोत, साधन र वित्तीय क्षमताको यथोचित परिचालन गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन, खानेपानी तथा सरसफाइ, सडक तथा अन्य भौतिक पूर्वाधार, वातावरण संरक्षण, विपद् जोखिम न्यूनीकरण, सूचना प्रविधि, उद्यमशीलता, रोजगारी सिर्जना, सामाजिक सुरक्षा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको सशक्तीकरणलाई विशेष प्राथमिकतामा राखेको छ । त्यसैगरी सुशासन, वित्तीय अनुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार, पारदर्शिता, जवाफदेहिता तथा संस्थागत क्षमता अभिवृद्धिलाई समेत नीति तथा कार्यक्रमको अभिन्न अङ्गका रूपमा समावेश गरिएको छ ।

स्वीकृत योजना तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, निजी क्षेत्र, साझेदार संस्था, नागरिक समाज, सञ्चार माध्यम तथा सम्पूर्ण नगरवासीबीच प्रभावकारी समन्वय, सहकार्य र सहभागिता आवश्यक रहनेछ । योजनाको कार्यान्वयनमा पारदर्शिता, गुणस्तर, मितव्ययिता तथा नतिजामुखी व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी नगरवासीलाई गुणस्तरीय सेवा प्रवाह गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्त्यमा, आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम, बजेट, विनियोजन ऐन, आर्थिक ऐन तथा वार्षिक नगर विकास योजना तर्जुमा र प्रकाशनका क्रममा मार्गदर्शन गर्नु हुने आदरणीय नगर प्रमुखज्यू, नगर उपप्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरू, वडा अध्यक्षज्यूहरू, राजनीतिक दल, सरोकारवाला निकाय, विकास साझेदार तथा सम्पूर्ण नगरवासीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै योजना तथा बजेट तर्जुमा, वार्षिक नगर विकास योजना तयारी तथा प्रकाशन प्रक्रियामा समर्पित भई योगदान गर्नुहुने सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

स्वीकृत योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमार्फत समृद्ध, सुशासित र दिगो विकासयुक्त नगर निर्माणमा सबै पक्षबाट निरन्तर साथ, सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

श्रावण, २०८३

.....

शोभाखर पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

विषयसूची

क्र.सं.	विषयसूचि	पृष्ठ संख्या
१	भिमाद नगरपालिकाको संक्षिप्त परिचय	१-६
२	आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम	७-३६
३	आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य	३७-५२
४	भिमाद नगरपालिकाको आर्थिक ऐन, २०८३	५३-९४
४.१	सम्पत्ती कर र घर वहाल करको दर	५९
४.२	व्यवसाय करको दर	६०
४.३	जडिबुटी, कवाडी, जिवजन्तु र विज्ञापन कर, मनोरञ्जन र पटके व्यवसाय कर	७०
४.४	स्वास्थ्य सेवा शुल्क, सरसफाई शुल्क र शिक्षा सेवा शुल्क	७३-७६
४.५	एफएम संचालन, न्यायिक दस्तुर, परीक्षा शुल्क	७६-७८
४.६	नक्सा पास दस्तुर, स्थानीय उत्पादन शुल्क, पार्किङ शुल्क	७९-८१
४.७	सेवा शुल्क दस्तुर	८२-८९
४.८	साना सवारी साधन र पर्यटन शुल्क, बहाल विटौरी शुल्क	९०-९२
४.९	जलस्रोत उपयोग तथा अनुमति, प्राकृतिक स्रोत शुल्क, प्रशासनिक दण्ड जरिवाना	९२-९४
५	भिमाद नगरपालिकाको विनियोजन ऐन, २०८३	९५-९६
५.१	आय तथा व्ययको प्रक्षेपण	९६-१००
५.२	राजश्व तथा अनुदान प्राप्तिको अनुमान	१०१-१०२
५.३	व्यय अनुमान	१०३
५.४	क्षेत्रगत व्यय अनुमान (कुल बजेट)	१०३-१०४
५.५	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन (भिमाद नगरपालिका)	१०५-११३
५.६	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन (शिक्षा)	११४-११९
५.७	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन (सामाजिक)	११९-१२४
५.८	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन (कृषि)	१२५-१२६
५.९	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन (पशु विकास)	१२६-१२७
५.१०	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन (प्रशासन)	१२७-१२८
५.११	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन (स्वास्थ्य)	१२८-१३२
५.१२	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. १	१३२-१३७
५.१३	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. २	१३७-१३९
५.१४	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. ३	१३९-१४२
५.१५	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. ४	१४२-१४४
५.१६	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. ५	१४४-१४६
५.१७	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. ६	१४७-१५०
५.१८	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. ७	१५०-१५२
५.१९	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. ८	१५३-१५४
५.२०	कार्यक्रम परियोजना अनुसार बजेट विनियोजन वडा नं. ९	१५४-१५६
५.२१	संघीय तथा प्रदेश सरकारवाट हस्तान्तरित सशर्त/विशेष/समपुरक कार्यक्रमहरु	१५६-१६४
६	दिगो विकास लक्ष्य संकेतको आधारमा विनियोजित रकम	१६४
७	लैंगिक उत्तदायी बजेट (वित्तीय व्यवस्था सहित)	१६५
८	गण्डकी प्रदेशवाट आर्थिक वर्ष २०८३/०८४ मा स्वीकृत योजनाहरु	१६५-१६६
९	२२ औ अधिवेशनवाट स्वीकृत योजना तथा कार्यक्रमको सूची (Project Bank)	१६७-१६८
१०	जनप्रतिनिधिहरूको विवरण, प्र.प्र.अ./शाखा प्रमुख, वडा सचिवहरूको सम्पर्क नं.	१६९-१७१
११	आर्थिक वर्ष २०८३/०८४ को वार्षिक योजना तथा कार्यक्रम कार्यसंचालन तालिका	१७२

भिमाद नगरपालिकाको संक्षिप्त परिचय

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सीमाना निर्धारण आयोगको मिति २०७३ पुस २२ गतेको प्रतिवेदन तथा नेपाल सरकारको निर्णयका आधारमा भिमाद नगरपालिका गठन गरिएको हो। नेपाल सरकारको मिति २०७३ फागुन २२ गतेको निर्णय तथा मिति २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशित सूचनासँगै भिमाद नगरपालिका विधिवत् रूपमा स्थापना भएको हो ।

भिमाद नगरपालिकाको नामकरण ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक मान्यतासँग जोडिएको छ । प्राचीन महाभारतकालीन किंवदन्तीअनुसार पाण्डुका ५ भाई छोरामध्ये भीमसेनले सेती नदीमा निर्माण गरेको बाँधलाई "भीमबाँध" भनिन्थ्यो । समयक्रमसँगै "भीमबाँध" शब्द अपभ्रंश भई "भिमाद" नाम प्रचलनमा आएको भन्ने जनविश्वास रहेको छ । साविकको भिमाद गाउँ विकास समितिलगायतका क्षेत्र समेटेर नगरपालिका गठन गरिएकाले स्थानीय इतिहास, पहिचान र सांस्कृतिक विरासतलाई संरक्षण गर्ने उद्देश्यले "भिमाद नगरपालिका" नाम कायम गरिएको हो ।

भौगोलिक अवस्थिति

यस नगरपालिकाको क्षेत्रफल १२९ वर्ग किलोमिटर रहेको छ । यो नगरपालिका २७°५७'५९.७५" उत्तरी अक्षांश देखि २८°००'२४.०७" उत्तरी अक्षांशसम्म र ८३°५७'५८.०५" पूर्वी देशान्तर देखि ८४°०९'५०.१९" पूर्वी देशान्तरसम्म फैलिएको छ । समुन्द्र सतहदेखि न्यूनतम ३६० मिटर (टुटुवा) देखि अधिकतम १३४० मिटर (कोटबाराही) सम्मको उचाइमा अवस्थित छ । यस नगरपालिकाको सिधा मापन दूरी सरदर पूर्व पश्चिम लम्बाइ १९.४७ कि.मि. र उत्तरदक्षिण चौडाइ ११.९६ कि.मि. रहेको छ ।

नगरपालिकाको प्रशासनिक गठन

नेपाल सरकारको मिति २०७३ फाल्गुण २७ गते प्रकाशित राजपत्र बमोजिम भिमाद नगरपालिका विधिवत रूपमा स्थापना भएको हो । साविकका ४ वटा गा.वि.स. हरूको पूरै भूभाग र ४ वटा गा.वि.स.का केही भूभागहरू समावेश गरेर देहाय वमोजिम ९ वटा वडाहरू रहने गरी यस नगरपालिकाको गठन भएको छ ।

कायम भएका वडाहरू	साविकका गा.वि.स. हरू	समावेश भएका साविकका वडा नं.	कैफियत
१	किहुँ	१ - ९	
	गजरकोट	९	

कायम भएका वडाहरू	साविकका गा.वि.स. हरू	समावेश भएका साविकका वडा नं.	कैफियत
२	अरुणोदय	१ - ९	
३	माझकोट	७ - ८	
४	माझकोट	१ - ५	
५	माझकोट	९	
	ऋषिङ्ग रानीपोखरी	९	
	साभुङ्ग भगवतीपुर	२	
६	भिमाद	१	
७	भानुमती	७	
	भिमाद	२,४,५,८,९	
८	भानुमती	१,३,९	
	भिमाद	३,६,७	
९	भानुमती	२,४,५,६,८	

सिमाना

पूर्वः म्याग्दे र ऋषिङ्ग गाउँपालिका

पश्चिमः स्याङ्जा जिल्ला (हरिनास गाउँपालिका)

उत्तरः शुक्लागण्डकी नगरपालिका

दक्षिणः घिरिङ गाउँपालिका

जनसाङ्ख्यिक विवरण

क्र.सं.	विवरण	वि.सं. २०७७ को नगर प्रोफाइल अनुसार	वि.सं. २०७८ को जनगणना अनुसार	घरधुरी सर्वेक्षण २०८२
१	कुल जनसङ्ख्या	३३०३६	२९२४८	३६०३९
२	महिला जनसङ्ख्या	१६१३३	१५८६४	१७५०५
३	पुरुष जनसङ्ख्या	१६९०३	१३३८४	१८५३४

४	जनघनत्व	२५६.०९ प्रति वर्ग कि.मी.	२२७.७२ प्रति वर्ग कि.मी.	२७९.३७
५	जम्मा घरधुरी	६३७९	७९७०	६३६९
६	औषत परिवार आकार	५.१८	३.६७	५.६५

स्रोतः नगर प्रोफाइल तथा राष्ट्रिय जनगणना

वडागत विवरण

वडा नं.	जनसङ्ख्या			वडा कार्यालय रहेको स्थान	वडा अध्यक्षको सम्पर्क नं.	कैफियत
	२०७८ जनगणना अनुसार	नगर प्रोफाईल २०७७ अनुसार	घरधुरी सर्वेक्षण २०८२			
१	३८५९	४०७२	५२००	काउले	९८५६०७२५०१	
२	३९७४	५०३१	५३६९	टेक्रे	९८५६०७२५०२	
३	१६२०	१८८४	२०६२	खेक्रेटार	९८५६०७२५०३	
४	२१४०	२१६१	३०५८	सिंचित	९८५६०७२५०४	
५	३४४४	४३९८	४४३६	वुडुवाफाँट	९८५६०७२५०५	
६	७२५३	६०३१	६३४३	भिमाद	९८५६०७२५०६	
७	२३५१	२९१५	३२४५	पोखरीछाप	९८५६०७२५०७	
८	२४९८	२९९४	३१४३	अरौदी	९८५६०७२५०८	
९	२१००	३५५०	३१८३	रिट्ठा भञ्ज्याङ्ग	९८५६०७२५०९	
	२९२४८	**३३०३६**	**३६०३९**			

शिक्षण संस्थाहरूको विवरण, २०८२

क्र.सं.	विवरण	इकाइ	परिमाण
१	**प्रारम्भिक बालविकास वा पूर्व प्राथमिक विद्यालय**		
	सामुदायिक	सङ्ख्या	३३
	नगर स्रोत	सङ्ख्या	१०
	संस्थागत	सङ्ख्या	११
	जम्मा	सङ्ख्या	५४
२	**विद्यालय सङ्ख्या**		
	सामुदायिक विद्यालय	सङ्ख्या	४१
	संस्थागत विद्यालय	सङ्ख्या	१२
	जम्मा	सङ्ख्या	५३
३	**विद्यालय सङ्ख्या (एकाइ)**		
	आधारभूत (१-३)	सङ्ख्या	१०
	आधारभूत (१-५)	सङ्ख्या	१८
	आधारभूत (१-८)	सङ्ख्या	७
	माध्यमिक (१-१०)	सङ्ख्या	१२
	माध्यमिक (१-१२/६-१२)	सङ्ख्या	६
४	**सामुदायिक विद्यालय सङ्ख्या (एकाइ)**		
	आधारभूत (१-३)	सङ्ख्या	८
	आधारभूत (१-५)	सङ्ख्या	१३
	आधारभूत (१-८)	सङ्ख्या	६
	माध्यमिक (१-१०)	सङ्ख्या	९
	माध्यमिक (१-१२/६-१२)	सङ्ख्या	५
	जम्मा		४१
५	**विद्यालय सङ्ख्या (तह)**		
	आधारभूत (१-३/१-५)	सङ्ख्या	५२
	आधारभूत (६-८)	सङ्ख्या	२५
	माध्यमिक (९-१०)	सङ्ख्या	१८
	माध्यमिक (११-१२)	सङ्ख्या	६

क्र.सं.	विवरण	इकाइ	परिमाण
६	प्राविधिक शिक्षा (तनहुँ प्राविधिक शिक्षालय भिमाद ६, प्राविधिक तथा व्यवसायिक शिक्षा परिषद मार्फत) कृषि बाली विज्ञान	सङ्ख्या	१
७	नमुना विद्यालय विकास कार्यक्रम (जनज्योति मा.वि.)	सङ्ख्या	१
८	अपाङ्गता भएका बालबालिकाहरूका लागि दिवा स्याहार केन्द्र (जनज्योति मा.वि.)	सङ्ख्या	१
९	क्याम्पस (जनज्योति क्याम्पस): स्नातक तह शिक्षाशास्त्र र व्यवस्थापन सङ्काय	सङ्ख्या	१

वडागत रूपमा शिक्षण संस्थाहरूको विवरण २०८२

वडा	जम्मा विद्यालय (इकाइ)	सञ्चालित कक्षा अनुसारको सङ्ख्या					
		आधारभूत (कक्षा १-३)	आधारभूत (कक्षा १-५)	आधारभूत (कक्षा १-८)	माध्यमिक (कक्षा १-१०)	माध्यमिक (कक्षा १-१२)	माध्यमिक (कक्षा ६ - १२)
१	१०	२	४	१	२	१	१
२	८	२	३		३		
३	३		२		१		
४	४		१	२	१		
५	६		४		२		
६	१०	१	२	२	३	२	
७	२	२					
८	७	२	१	२		१	
९	३	१	१			१	
जम्मा	५३	१०	१८	७	१२	५	१

स्वास्थ्य संस्थाहरूको विवरण

क्र.सं.	संस्थाको विवरण	संस्था रहेको स्थान	कैफियत
१	किहुँ स्वास्थ्य चौकी	भिमाद-१	
२	सामुदायिक स्वास्थ्य इकाइ, बोमाटार	भिमाद-१	
३	अरुणोदय स्वास्थ्य चौकी	भिमाद-२	
४	आधारभूत स्वास्थ्य सेवा केन्द्र	भिमाद-३	
५	माझकोट स्वास्थ्य चौकी	भिमाद-४	
६	सामुदायिक स्वास्थ्य इकाइ, तुरतुरे	भिमाद-४	
७	आधारभूत स्वास्थ्य सेवा केन्द्र	भिमाद-५	
८	भिमाद प्राथमिक स्वास्थ्य केन्द्र	भिमाद-६	
९	आधारभूत स्वास्थ्य सेवा केन्द्र	भिमाद-७	
१०	भानुमती स्वास्थ्य चौकी	भिमाद-८	
११	सामुदायिक स्वास्थ्य इकाइ, सिम्ले	भिमाद-८	
१२	आधारभूत स्वास्थ्य सेवा केन्द्र	भिमाद-९	

भिमाद नगरपालिकाको नगर सभाको बाइसौं अधिवेशनमा

नगर प्रमुख

श्री दधिराज सुवेदीद्वारा प्रस्तुत

भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

नगर सभाका सदस्यज्यूहरू,

१. सङ्घीय शासन व्यवस्थालाई स्थानीय तहदेखि नै सुदृढ बनाई स्थानीय सरकारको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न तय गरिएको **"समृद्ध भिमादको आधारः आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार"** भन्ने सोच सहित **भिमाद नगरपालिकाको नगर प्रमुखको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम** यस सम्मानित नगर सभामा प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ । यस अवसरमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक आन्दोलन तथा सशस्त्र सङ्घर्ष लगायत विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

२. सङ्घीयताको मूल मर्मअनुरूप नागरिकको नजिकको सरकारबाट प्रदान गरिने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाई आवश्यक नीति, कानुन तथा योजना बनाउने र कार्यान्वयन गर्ने काम स्थानीय सरकारबाट नै हुने भएकाले भिमाद नगरपालिकाको समग्र विकासमा सर्वसाधारणले महसुस गर्ने गरी उल्लेख्य सुधारका कामहरू भएको जानकारी गराउन पाउँदा हर्षित छु ।

३. नेपालको संविधानले निर्दिष्ट गरेबमोजिम सङ्घीय प्रणालीलाई संस्थागत गर्न भिमाद नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्त बमोजिम हालसम्म महत्त्वपूर्ण र ठोस उपलब्धिहरू हासिल गरेको छ ।

४. नीति, कानुन र सँगठनात्मक पक्षको सवलीकरण मार्फत नगरपालिकालाई परिपक्व बनाउँदै लगेका छौं । जनताका आधारभूत आवश्यकताका साथै स्वास्थ्य, शिक्षा, खानेपानी लगायत जनसरोकारका सबालमा नगरपालिका गम्भीर रहेको छ ।

५. चालु आर्थिक वर्ष २०८२/०८३ मा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको परिमाणमा शतप्रतिशत रकम प्राप्त नहुनु लगायतका विविध कारणले गर्दा यस वर्षका स्वीकृत योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा ढिलाई भए तापनि यस आर्थिक वर्षको अन्त्यसम्ममा लक्ष्य अनुसारको उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ । चालु आर्थिक वर्षको हालसम्म भएका उपलब्धिहरूलाई यहाँ संक्षेपमा प्रस्तुत गरेको छु ।

६. नेपालको संविधानको अनुसूची - ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकार सूचीका प्राप्त अधिकार क्षेत्रभित्र पर्ने विषयहरू अन्तर्गत यस नगरपालिकाले हालसम्म जम्मा १२१ वटा ऐन, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

७. स्थानीय तहमा न्यायिक अभ्यासलाई संस्थागत गर्न नेपालको संविधान र कानुन बमोजिम न्यायिक समिति गठन भई न्यायिक समिति समक्ष यस आर्थिक वर्षमा दर्ता भएका १४ मध्ये जम्मा ९ वटा विवादहरूलाई आपसी छलफल र मेलमिलापको माध्यमबाट समाधान गरिएको छ ।

८. कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादन लागत न्यूनीकरण तथा उत्पादकत्व अभिवृद्धिका लागि कृषक समूह, सहकारी तथा कृषि उद्यमीलाई प्राथमिकताका आधारमा ५५ जनालाई कृषि यन्त्र उपकरण, ४६ जनालाई टनेल प्लाष्टिक, ८८ रोल मल्चिङ प्लास्टिक, १६ जना कृषकहरूलाई थोपा सिँचाइ वितरण गरिएको छ भने माटो परीक्षण शिविर मार्फत १२५ जना कृषकहरूले सङ्कलन गरेको माटो परीक्षण गरी कृषि चुन वितरण गरिएको छ ।

९. अकबरे खुर्सानी, सुन्तला, लगायत मौरी पकेट क्षेत्र विस्तार गर्नुका साथै कृषकहरूको ज्ञान तथा सिप अभिवृद्धि गर्न हाते ट्याक्टर मर्मत, मौरी पालन, फलफूल बगैंचा व्यवस्थापन लगायतका गरी जम्मा ११० जनालाई तालिम उपलब्ध गराइएको छ ।

१०. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत शुरू गरिएको डेरी सहितको साइलेज उद्योगमा दुध सङ्कलन तथा बिक्री केन्द्र स्थापना गरी दुध उत्पादनमा आधारित अनुदान

वितरणको व्यवस्था गरिएको छ । साथै साइलेज उत्पादनलाई जोड दिन कृषकहरूलाई अनुदानमा वर्णसंकर (Hybrid) मकैको बिउ वितरण गरिएको छ ।

११. सङ्घीय सरकारसँगको वित्तीय साझेदारीमा सञ्चालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत विभिन्न मोड्युलमा २५० जनाले वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श सम्बन्धी सचेतना कक्षा र ६ जनाले मनोसामाजिक परामर्श सेवा प्राप्त गरेका छन् ।

१२. वैदेशिक रोजगार बोर्डको सचिबालयबाट प्रदान गर्ने सेवाहरू नगरपालिकाबाट उपलब्ध गराउने प्रावधान अनुरूप हालसम्म वैदेशिक रोजगारको क्रममा गन्तव्य मुलुकमा ज्यान गुमाउने ७ जना व्यक्तिको शव झिकाउने, २ जनाको उद्धार तथा खोजतलास, ३० जना वैदेशिक रोजगारको सिलसिलामा ज्यान गुमाउने व्यक्तिका सन्ततीलाई छात्रवृत्ति, १० जनालाई स्वास्थ्य उपचार (अङ्गभङ्ग) र ७ जनालाई क्षतिपूर्ती दिलाउन सहजीकरण गरिएको छ ।

१३. शिक्षातर्फ दस वर्षे गन्तव्य र पाँच वर्षको विस्तृत कार्यक्रम सहितको शिक्षा क्षेत्र योजना निर्माण गरी १९ विद्यालयमा बालमैत्री शौचालय, खानेपानी तथा धारा व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको छ । ३२ विद्यालयमा युरोगार्ड सहितको शुद्ध खानेपानी व्यवस्थापन २ वटा विद्यालयमा ICT प्रयोगशाला स्थापनाको काम सम्पन्नको चरणमा छ । त्यसैगरी छाना मर्मत, घेराबार लगायतका मर्मत सम्भारका कार्यहरू भएका छन् । सबै सामुदायिक विद्यालयहरूमा इन्टरनेटको पहुँच विस्तार भएको छ । मेरो भिमाद स्थानीय पाठ्यक्रम (कक्षा ६-८) निर्माण कार्य सम्पन्न भएको छ । सबै सामुदायिक विद्यालयका कम्प्युटर प्रिन्टर मर्मतका लागि प्राविधिक सहयोग गरिएको छ ।

१४. नगर प्रमुख मातृशिशु स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत **किहुँ स्वास्थ्य चौकीलाई नमुना बर्थिङ्ग सेन्टर** (Model Birthing Center) को रूपमा स्थापना गरिएको छ । ज्येष्ठ नागरिकहरूको स्वास्थ्य संरक्षण, नियमित स्वास्थ्य निगरानी तथा रोगको प्रारम्भिक पहिचानका लागि मासिक स्वास्थ्य परीक्षण कार्यक्रम निरन्तर सञ्चालन भइरहेको छ । ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका ६९ जना गर्भवती महिलाहरूलाई निःशुल्क भिडियो एक्स-रे (अल्ट्रासाउण्ड) सेवा प्रदान गरिएको छ । विद्यालय स्तरीय आँखा परीक्षण कार्यक्रम अन्तर्गत ८ वटा विद्यालयका ६६० जना

विद्यार्थी तथा शिक्षकहरूको निःशुल्क आँखा परीक्षण गरी आवश्यक परामर्श तथा थप उपचारका लागि रेफरल सेवा उपलब्ध गराइएको छ । मानसिक स्वास्थ्य सम्बन्धी सेवाको पहुँच विस्तार, मानसिक रोगको प्रारम्भिक पहिचान तथा जनचेतना अभिवृद्धिका लागि भिमाद प्राथमिक स्वास्थ्य केन्द्रमा मानसिक स्वास्थ्य शिविर मार्फत ३६ जनालाई सेवा प्रदान गरिएको छ ।

१५. आयुर्वेद तर्फ नागरिक आरोग्य सेवा क्लिनिक वडा नं. १, २ र ५ मा सञ्चालित कार्यक्रम मार्फत २२५० जना व्यक्तिहरूले सेवा प्राप्त गरेका छन् । गुदारोग (पायल्स, फिस्टुला र फिसर) सम्बन्धी प्रादेशिक आयुर्वेद चिकित्सालय, तनहुँको आयोजना र भिमाद आयुर्वेद औषधालयको समन्वयमा विशेष आयुर्वेद शिविर मार्फत ७५ जना लाभग्राहीले सेवा प्राप्त गरेका छन् । जसमध्ये २५ जनाको निःशुल्क सल्यक्रिया गरिएको छ ।

१६. "ग" र "घ" वर्गका अपाङ्गता भएका व्यक्तिहरू र मनोसामाजिक समस्या भएका व्यक्तिहरूको उपप्रमुख निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउदै यस वर्ष हालसम्म १३ जनाको निःशुल्क स्वास्थ्य बिमा गरिएको छ ।

१७. बालमैत्री स्थानीय शासन घोषणाका लागि कानुन निर्माण, बालबालिकाको वस्तुगत विवरण सङ्कलन, बालमैत्री स्थानीय शासन समिति, बालसमूह गठन तथा अभिमुखीकरण लगायतका कार्यक्रमहरू सञ्चालन गरिनुका साथै भिमाद नगरपालिकालाई सडक बालबालिका मुक्त नगरपालिका घोषणा गरिएको छ ।

१८. चालु आर्थिक वर्षमा हालसम्म नगरपालिकाबाट १७०० मि. सडक कालोपत्रे भएको छ भने १००० मिटर सडक ढलान गर्ने कार्य सम्पन्न भएको छ, त्यसैगरी ६ मिटरको छिउदीखोला कल्भर्ट निर्माण भएको छ।

१९. सङ्घीय सरकारको विशेष अनुदानबाट सञ्चालित पिरुङडाँडा दलित वस्ती एक घर एक धारा खानेपानी योजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ भने गण्डकी प्रदेश सरकारको विशेष अनुदान तर्फ सामुदायिक विद्यालयहरूमा बालमैत्री शौचालय, खानेपानी धारा निर्माण कार्य भइरहेको छ । त्यसैगरी खानेपानी, कुलो, बाँध, तटबन्ध निर्माण तथा मर्मत सम्भारको कार्य निरन्तर भइरहेको छ ।

२०. नगर प्रमुख विपन्न आवास निर्माण कार्यक्रम अन्तर्गत ४ वटा घर निर्माण कार्य सम्पन्न भएको छ ।

२१. पर्यटन गुरुयोजना स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको छ भने सडक यातायात गुरुयोजना अद्यावधिक गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

२२. सबै वडाहरूबाट प्राप्त सिफारिस सहितका निवेदनहरूको आधारमा ८६ जना भूमिहीन दलित, ९४ जना भूमिहीन सुकुम्बासी र २४६१ जना अव्यवस्थित बसोबासीहरू समेत गरी जम्मा २६४१ जनाको विवरण सफ्टवयरमा प्रविष्टि गर्ने कार्य सम्पन्न भएको छ ।

२३. रोजगार सेवा केन्द्रबाट बैदेशिक रोजगारीमा जाने ११० जना व्यक्तिहरूको श्रम स्वीकृतिमा निःशुल्क सहजीकरण गरिएको छ ।

२४. नगरक्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरू, वडा कार्यालय, स्वास्थ्य संस्था र नगर कार्यपालिकाको कार्यालयमा नेपाल सरकार, सूचना तथा प्रशारण विभागबाट स्वीकृत एकीकृत हाजिरी प्रणालीको प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ ।

२५. भिमाद नगरपालिकाको ऐतिहासिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक महत्त्व, स्थानीय भूगोल, मौलिकताको विशिष्टता झल्किने पहिचानलाई संस्थागत बनाउन प्रतीक चिह्न (Logo) निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ ।

२६. भिमाद नगरपालिकाको विद्यमान सङ्गठन संरचना र दरबन्दीलाई उपयुक्त आकारमा ल्याई सेवा प्रवाहलाई प्रभावकारी बनाउन सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) परिमार्जन सहित स्वीकृत गरी प्रदेश किताबखानामा दर्ता प्रक्रियामा रहेको छ ।

२७. नेपाल सरकारबाट सञ्चालित स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) मा आधारित राजश्व मोड्युल मार्फत करदाता प्रविष्टि, कर दाखिला, प्रतिवेदन, लेखा राख्ने गरी पूर्णरूपमा प्रयोग गरिएको छ ।

सभाका सदस्यज्यूहरू,

नीति तथा कार्यक्रम तयारीका क्रममा संविधान तथा कानुनको सीमामा रही सुशासनको अनुभूति हुने गरी नगरबासीका अपेक्षा पूरा गर्न नगरपालिकाको अधिकार क्षेत्र र विद्यमान वस्तुगत स्थितिको विश्लेषणका आधारमा समृद्ध भिमाद नगरपालिका निर्माणका लागि देहाय अनुसारका मुख्य आधार र प्राथमिकताका क्षेत्रहरू पहिचान गरिएको छ ।

आधारहरूः

(क) नेपालको संविधान,

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४,

(ग) स्रोह्रौं योजना (२०८१/०८२-२०८५/०८६) ले तय गरेका दीर्घकालीन सोच सुशासन, सामाजिक न्याय र समृद्धि तथा दीर्घकालीन सोचलाई कार्यन्वयन गराउन तय भएका प्राथमिकताहरू, राष्ट्रिय लक्ष्य तथा रणनीतिहरू,

(घ) गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले तय गरेका प्रादेशिक लक्ष्य तथा रणनीतिहरू,

(ङ) दिगो विकास लक्ष्यको अवस्था र मार्गचित्र (२०१६-२०३०),

(च) सङ्घीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू,

(छ) नगरपालिकाको दोस्रो आवधिक योजनाका लक्ष्य तथा रणनीतिहरू,

(ज) स्थानीय सरकारमा सहभागी राजनीतिक दलका चुनावी घोषणापत्रहरू,

(झ) स्थानीय सरकारका प्रमुख समस्या तथा सम्भावनाहरू ।

प्राथमिकताका क्षेत्रहरूः

(क) दिगो एवम् गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

(ख) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच,

(ग) स्वास्थ्य तथा पोषण,

(घ) कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण,

(ङ) खानेपानी तथा सरसफाइ,

(च) आन्तरिक राजस्व वृद्धि तथा वित्तीय सुशासन,

(छ) सेवा प्रवाह, संस्थागत विकास र सुशासन,

(ज) कला संस्कृति र पर्यटन प्रबर्धन,

(झ) जलवायु परिवर्तन, वातावरण सन्तुलन तथा विपद् व्यवस्थापन,

(ञ) उद्यम विकास तथा रोजगारी वृद्धि ।

सभाका सदस्यज्यूहरू,

नगरपालिकासँग उपलब्ध सीमित स्रोत साधनको अधिकतम परिचालन मार्फत नगरबासीका असीमित चहना पूरा गराउन नगरपालिका प्रतिबद्ध रहेको बेहोरा यस सम्मानित सभा समक्ष जानकारी गराउदै अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

आर्थिक विकास

कृषि

१. कृषिको आधुनिकीकरण, यान्त्रिकरण, व्यवसायीकरणका साथै बजारीकरणमा जोड दिँदै स्थानीय उत्पादनलाई बजारीकरण मार्फत कृषकहरूको आय आर्जन वृद्धि गर्न **"स्थानीय उत्पादन हाट बजारमा सम्मान"** अभियानका साथ कृषि हाट बजार सञ्चालन गरिने छ ।

२. माटोको गुणस्तर पहिचान गरी आवश्यक सुधारका लागि माटो परीक्षण कार्यक्रमलाई निरन्तरता दिनुका साथै उपयुक्त बाली तथा मलखाद सिफारिस गरिने छ ।

३. सम्भावनाका आधारमा बाली विशेषका उत्पादन पकेट क्षेत्र निर्धारण गरी सुन्तला, एभोकाडो, ड्रागन फल, कागती, कफी, अदुवा, बेसार, अकबरे खुर्सानी, लसुन लगायतका उच्च मूल्यका कृषि उपज उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि अनुदान उपलब्ध गराइने छ ।

४. कृषि उत्पादनमा आधारित साना उद्योगलाई प्रवर्धन गरिने छ । कृषि औजार तथा रासायनिक मल सहज र सुलभ किसिमले उपलब्ध गराइने छ ।

५. कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराउनुका साथै **हाते ट्याक्टर बचाऔं, लागत घटाऔं, उत्पादान बढाऔं** भन्ने अभियानका साथ मर्मत गर्नुपर्ने तथा प्रयोगविहीन अवस्थामा रहेका हाते ट्याक्टर पुनःप्रयोगमा ल्याउने कार्यक्रम सञ्चालन गरिने छ ।

६. कृषि योग्य भूमी बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरी कृषि तथा पशुजन्य व्यवसाय मार्फत आय आर्जन गर्न इच्छुक कृषक, कृषि फर्म र कृषि सहकारीलाई बाँझो जग्गामा उत्पादन प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

७. कृषकहरूको आर्थिक समृद्धि, कृषि उत्पादन वृद्धि तथा वातावरणीय सन्तुलन कायम गर्न मौरी पालन व्यवसायलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिने छ । यसका लागि तालिम, प्रविधि हस्तान्तरण, उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि आवश्यक सहयोग उपलब्ध गराइने छ ।

८. वास्तविक कृषकको पहिचान गरी कृषि क्षेत्रबाट सञ्चालित कार्यक्रम लक्षित वर्गसम्म पुऱ्याउन कृषकहरूको बर्गीकरण सहितको किसान परिचयपत्र वितरणका लागि किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिइने छ।

९. खाद्य तथा पोषण सुरक्षालाई सुदृढ गर्दै कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न खाद्यान्न बालीमा उन्नत बीउको प्रयोगलाई प्रोत्साहन गर्नुका साथै आयात प्रतिस्थापन, रोजगारी सिर्जना तथा कृषि उद्यमशीलताको विकास गर्न व्यावसायिक तरकारी खेती प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१०. रैथाने बाली प्रवर्द्धनका लागि कोदोको बिउ तथा अन्य उत्पादन सामग्रीमा अनुदान उपलब्ध गराई क्षेत्र बिस्तार तथा उत्पादन वृद्धिका लागि आवश्यक सहजीकरण गरिने छ ।

११. कृषि उत्पादनमा लाग्ने रोग किरा नियन्त्रणका लागि विषादी प्रयोग गर्ने गरेको पाइएकोमा अर्गानिक खेती प्रणालीलाई प्रवर्धन गर्न विषादी प्रयोगलाई निरूत्साहित गरिने छ ।

पशुपन्छी

१२. दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउने उद्देश्यका साथ बढी प्रतिफल दिने जातका पशु खरिद गरी नश्ल सुधार तथा कृत्रिम गर्भाधान गरी **नमुना कृषिफर्म** सञ्चालन गरिने छ ।

१३. दुध उत्पादन तथा दुग्धजन्य पदार्थको उत्पादन वृद्धि गरी नगरपालिकालाई दुध तथा दुधजन्य पदार्थमा आत्मनिर्भर बनाउन **भैंसी प्रवर्धन** कार्यक्रम सञ्चालन गरिने छ ।

१४. कृषकहरूलाई कृषि पेशामा उत्प्रेरित गरी बजारीकरणलाई प्राथमिकता दिँदै कृषि उपजको न्यूनतम समर्थन मूल्य कायम गरी कृषि उपजको उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमलाई निरन्तरता दिई क्षेत्र विस्तार गरिने छ ।

१५. कृषि तथा पशुपन्छी सम्बन्धी कार्यक्रममा विपन्न वर्गको पहुँच वृद्धि गर्न कृषि तथा पशु विकास कार्यक्रम अनुदान सम्बन्धी मापदण्ड पुनरावलोकन तथा परिमार्जन गरिने छ ।

१६. समग्र पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नका लागि शुरुवात गरिएको डेरी सहितको साइलेज उद्योग सञ्चालनलाई निरन्तरता दिइने छ ।

१७. कृषि तथा पशुपन्छी क्षेत्रमा हुने जोखिमलाई न्यूनीकरण गर्नका लागि कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी यसको लाभ लक्षित वर्गसम्म पुऱ्याउन विभिन्न सङ्घ संस्थाहरूसँग सहकार्य गरिने छ ।

१८. गाई भैंसीमा देखिने खोरेत तथा प्रमुख बाँझोपनको समस्यालाई न्यूनीकरण गर्न **डोर टु डोर बाँझोपन निवारण शिविर** सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।

१९. मानिसमा कुकुरको टोकाइबाट लाग्ने रेबिज रोग सन् २०३० सम्म उन्मुलन गर्ने विश्वव्यापी लक्ष्यलाई आत्मसात् गर्दै नगरपालिका क्षेत्रभित्र रहेका घरपालुवा/छाडा कुकुर बन्ध्याकरण र रेबिज विरुद्धको खोप शिविर सञ्चालनलाई निरन्तरता दिइने छ ।

सहकारी तथा वित्तीय क्षेत्र

२०. सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन र प्रशिक्षण कार्यक्रमलाई निरन्तरता दिँदै सहकारीको पुँजीलाई नगर विकासमा परिचालन गर्न बचत परिचालन सम्बन्धी स्थानीय मापदण्ड जारी गरिने छ । साथै, नगर क्षेत्रभित्रका सङ्घ र प्रदेश मातहतका सहकारीहरूको समेत नगरपालिकाबाटै अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था मिलाईने छ ।

२१. निष्क्रिय तथा सम्पर्कविहीन सहकारीहरूलाई कानुनी रूपमा खारेजी तथा विघटन प्रक्रियामा लगिने छ । समस्याग्रस्त सहकारीको समस्या समाधानमा पहल गरिने छ भने सहकारीको अभिलेख व्यवस्थित गर्न नगर सहकारी पार्श्वचित्रलाई अद्यावधिक गरिने छ ।

२२. नगरपालिका क्षेत्रभित्र सञ्चालित वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूसँगको सहकार्यमा वित्तीय साक्षरता कार्यक्रम व्यापक रूपमा सञ्चालन गरिने छ । निजी क्षेत्रले संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत सार्वजनिक कल्याणका लागि खर्च गर्ने रकमलाई नगरपालिकाको प्राथमिकता प्राप्त कार्यक्रममा परिचालन गर्न आवश्यक समन्वय र प्रोत्साहन गरिने छ ।

रोजगार प्रवर्धन तथा सुरक्षित आप्रवासन

२३. आप्रवासी कामदार तथा तिनका परिवारको अधिकार सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वय तथा लागत साझेदारीमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, सिप अभिवृद्धि, मनोसामाजिक परामर्श र वित्तीय साक्षरता जस्ता सेवाहरू प्रभावकारी रूपमा प्रवाह गरिने छ ।

२४. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न स्वरोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरी वैदेशिक रोजगारीबाट फर्केका नागरिकहरूको पहुँच सुनिश्चित गरिने छ । विदेशबाट फर्किएका युवाहरूलाई उद्यम स्थापना गर्न सिपमूलक तालिम प्रदान गरिने छ र सहुलियतपूर्ण ऋणका लागि सम्बन्धित निकायहरूसँग समन्वय गरिने छ ।

२५. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम मार्फत रोजगारी सिर्जना र गरिबी न्यूनीकरणको लक्ष्य पूरा गर्न नेपाल सरकारसँगको वित्तीय साझेदारीलाई निरन्तरता दिइने छ ।

२६. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने कल्याणकारी सेवाहरू नगरपालिकाबाटै उपलब्ध गराउने प्रबन्ध मिलाईने छ । स्थानीय स्तरबाटै श्रम स्वीकृति र पुनः स्वीकृतिको सिफारिस तथा सहजीकरण कार्यलाई निरन्तरता दिइने छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति

२७. स्थानीय विकासमा निजी क्षेत्रको पुँजी आकर्षित गर्न सार्वजनिक निजी साझेदारी ऐन तर्जुमा गरी लागू गरिने छ । नगरमा लगानी सम्मेलन आयोजना गर्न पहल गरिने छ ।

२८. लघु, घरेलु तथा साना उद्योगहरूको दर्ता, नवीकरण, नियमन र प्रवर्द्धनलाई व्यवस्थित बनाउन नगरपालिकाको औद्योगिक व्यवसाय ऐनलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याइने छ ।

२९. उद्यमशीलता विकास र गरिबी निवारणका लागि सिपमूलक तालिम, प्रविधि हस्तान्तरण र बजारीकरणका कार्यहरू एकीकृत रूपमा सञ्चालन गरिने छ । यसका लागि सङ्घीय सरकारको गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) सँग वित्तीय साझेदारी गरिने छ ।

३०. स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ता हित संरक्षण गर्न वस्तु तथा सेवाको नियमित बजार अनुगमनलाई प्रभावकारी बनाइने छ । उपभोक्ता सचेतना जगाउन टोल विकास संस्थाहरूलाई उपभोक्ता सचेतना क्लबका रूपमा परिचालन गरिने छ ।

भूमि व्यवस्था

३१. **"सुरक्षित आवास र व्यवस्थित भू-उपयोगः भू-स्वामित्व सुनिश्चितताको मूल आधार"** भन्ने ध्येयका साथ भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि सङ्घीय सरकार र भूमि समस्या समाधान आयोगसँग निरन्तर सहकार्य गरिने छ । भूमि समस्या समाधान सम्बन्धी अधुरा कार्यहरू आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्न विशेष पहल गरिने छ ।

३२. नगरभित्रका सार्वजनिक जग्गाहरूको अनधिकृत अतिक्रमण रोकी समुचित संरक्षण र व्यवस्थापन गरिने छ । सार्वजनिक सम्पत्तिको रक्षाका लागि आगामी आर्थिक वर्षदेखि सम्पूर्ण सार्वजनिक जग्गाहरूको अभिलेख राख्ने कार्य प्रारम्भ गरिने छ ।

३३. भूमि प्रशासन सम्बन्धी सेवाहरूलाई थप सुलभ र जनमुखी बनाउन जग्गाधनी पुर्जा वितरण लगायतका अत्यावश्यक सेवाहरू सङ्घीय सरकारसँगको समन्वयमा नगरपालिका मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाईने छ।

पर्यटन

३४. **"अन्तर-स्थानीय तह साझेदारी र दिगो पर्यटनः आर्थिक समृद्धि र जीविकोपार्जनको मुख्य जग"** भन्ने मूल संकल्पका साथ छिमेकी स्थानीय तहहरूसँगको आपसी समन्वय र सहकार्यमा पर्यटकीय दृष्टिकोणले महत्त्वपूर्ण रहेका ऐतिहासिक तथा प्राकृतिक पदमार्गहरूको पहिचान, नक्साङ्कन र पूर्वाधार विकास गर्दै लगिने छ ।

३५. नगरपालिकाको समृद्धिको आधारका रूपमा दिगो पर्यटन विकासको स्पष्ट मार्गचित्र तय गर्न तर्जुमा गरिएको पर्यटन गुरुयोजनालाई कार्यान्वयन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

सामाजिक विकास

शिक्षा, युवा तथा खेलकुद

३६. समावेशी, गुणस्तरीय, प्रविधिमैत्री तथा जीवनोपयोगी शिक्षाको सुनिश्चितताका लागि दिगो विकास लक्ष्य, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-०८८) तथा नगर शिक्षा क्षेत्र योजना (२०७९-०८८) सँग तादात्म्यता कायम गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

३७. विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपाङ्ता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकालाई विद्यालय शिक्षामा समान पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार छात्रवृत्ति प्रदान गरिने छ ।

३८. सबै विद्यालयहरूलाई भौतिक तथा सिकाइका हिसाबले बालमैत्री विद्यालयका रूपमा विकास गरिने छ ।

३९. **"नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम"** लाई थप प्रभावकारी बनाउँदै विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास, सिकाइ वातावरण सुधार तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा जोड दिइने छ ।

४०. प्रारम्भिक बालविकास केन्द्रहरूमा सहजकर्ताको क्षमता विकासका साथै सहजकर्ता, शिक्षक तथा कर्मचारीहरूलाई प्रोत्साहनको उचित प्रबन्ध गरिने छ।

४१. विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्दै स्मार्ट कक्षा, डिजिटल सिकाइ सामग्री तथा प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको विकास गरिने छ ।

४२. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादन तथा पोषणयुक्त खाद्यवस्तुको प्रयोगलाई प्रोत्साहन गर्दै विद्यालयका भान्साघरलाई क्रमशः नमुना तथा पोषणमैत्री भान्साघरका रूपमा विकास गर्न पहल गरिने छ ।

४३. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिका लागि विषयगत विज्ञ, रोष्टर शिक्षक तथा शैक्षिक नेतृत्वकर्ताको सहभागितामा नियमित कक्षा अवलोकन, अनुगमन, सुपरिवेक्षण तथा पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाइने छ ।

४४. **"हाम्रो विद्यालय, राम्रो विद्यालय"** अभियानलाई समुदायमुखी बनाउँदै अभिभावक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाको सहभागिता र स्वामित्व अभिवृद्धि गरिने छ ।

४५. नगरपालिकाको परिचय, इतिहास, संस्कृति, परम्परा, पर्यावरण, कृषि तथा पर्यटनलाई समावेश गरिएको मेरो भिमाद स्थानीय पाठ्यक्रम- २०८२ को प्रभावकारी कार्यान्वयनका लागि कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक तयार गरिने छ ।

४६. प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरी विद्यार्थीको सिकाइ उपलब्धि, विद्यालय व्यवस्थापन तथा शैक्षिक सुधारका सूचकका आधारमा मूल्याङ्कन, पुरस्कार तथा सुधारात्मक उपाय अवलम्बन गरिने छ । विद्यार्थीको सिकाइ उपलब्धिसँग शिक्षकहरूको कार्यसम्पादनलाई आवद्ध गरिने छ ।

४७. शिक्षकको पेशागत विकास, क्षमता अभिवृद्धि, सूचना प्रविधि उपयोग तथा नवप्रवर्तनशील शिक्षण पद्धतिमा आधारित तालिम कार्यक्रम सञ्चालन गरिने छ ।

४८. नगरस्तरीय परीक्षा प्रणालीलाई थप व्यवस्थित, विश्वसनीय तथा प्रविधिमैत्री बनाइ विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइने छ ।

४९. विद्यालय स्तरीकरण कार्यक्रमलाई निरन्तरता दिई प्राप्त नतिजाका आधारमा विद्यालय सुधार योजना कार्यान्वयन गर्न प्रेरित गरिने छ ।

५०. विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था तथा स्रोत साधनको आधारमा विद्यालय समायोजन, एकीकरण तथा दरबन्दी मिलान गरी व्यवस्थित बनाइने छ ।

५१. योग्यता पुगेका युवाहरूलाई स्वयंसेवक शिक्षकको रूपमा परिचालन गर्ने गरी नगरस्तरीय स्वयमसेवक शिक्षकको रूपमा सूचीकृत गरिने छ ।

५२. निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थालाई सेवामुखी र गुणस्तर केन्द्रित बनाउन नियमित अनुगमन तथा नियमन गरिने छ ।

५३. शिक्षक तथा विद्यार्थीमा रहेका प्रतिभाको खोज, विकास र प्रवर्द्धनका लागि नगरस्तरीय प्रतिभा पहिचान तथा सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

५४. विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकालाई विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने अभियानलाई प्रभावकारी बनाउँदै माध्यमिक तहसम्मको शिक्षा सुनिश्चित गर्ने प्रयास गरिने छ ।

५५. विद्यालय नेतृत्व विकासका लागि प्रधानाध्यापक छनोट, क्षमता विकास तथा उत्तरदायित्व प्रणालीलाई थप सुदृढ बनाइने छ ।

५६. वडा शिक्षा समितिको भूमिका सुदृढ गरी विद्यालय अनुगमन तथा शैक्षिक सुधारमा सक्रिय सहभागिता सुनिश्चित गरिने छ ।

५७. विद्यालय तहदेखि नै खेलकुद गतिविधिलाई प्रोत्साहन गर्दै राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप, अन्तरविद्यालय खेलकुद प्रतियोगिता तथा प्रतिभा पहिचान कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५८. खेलकुद पूर्वाधार विकास, खेलमैदानको विकास र संरक्षण तथा खेल सामग्री व्यवस्थापन गरी खेलकुदमैत्री वातावरण निर्माण गरिने छ ।

५९. युवाहरूमा नेतृत्व विकास, उद्यमशीलता, नवप्रवर्तन, स्वयंसेवा तथा रोजगारमुखी सिप विकास कार्यक्रम सञ्चालन गरिने छ ।

६०. सरकारी, गैरसरकारी संघ संस्था, युवा क्लब तथा खेलकुद संस्थाहरूसँग सहकार्य गरी लागूऔषध दुर्व्यसन नियन्त्रण, सामाजिक सचेतना तथा रचनात्मक युवा परिचालन कार्यक्रम सञ्चालन गरिने छ ।

६१. सङ्घीय सरकार, प्रदेश सरकार, गैरसरकारी संस्था तथा विकास साझेदारहरूसँगको सहकार्यमा शिक्षा तथा खेलकुद विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

६२. उत्कृष्ट विद्यार्थी, शिक्षक, विद्यालय तथा खेलाडीलाई सम्मान तथा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

६३. विद्यालयमा मानसिक स्वास्थ्य, जीवनोपयोगी सिप, लैङ्गिक समानता, बाल संरक्षण तथा साइबर सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

६४. विद्यालयको शैक्षिक, प्रशासनिक तथा वित्तीय व्यवस्थापनलाई सूचना प्रविधिमा आधारित बनाउँदै IEMIS तथा अन्य डिजिटल प्रणालीको प्रभावकारी कार्यान्वयन गरिने छ ।

स्वास्थ्य

६५. भिमाद प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालको रूपमा सञ्चालन गर्न निर्माणाधीन रहेको १५ शैयाको नगर अस्पताल भवन निर्माण कार्य सम्पन्न गर्न सङ्घीय सरकारसँग आवश्यक समन्वय गरी स्वास्थ्य सेवा सहज पहुँच, सर्वसुलभ र गुणस्तरीय बनाइने छ ।

६६. नगरपालिकाबाट सञ्चालनमा रहेका ल्याबहरूको स्तरोन्नतिका लागि थप उपकरणहरू सहित पूर्वाधार विस्तार गरिने छ ।

६७. महिला, बालबालिका, जेष्ठ नागरिक, मानसिक स्वास्थ्य समस्या भएका लक्षित समूहको लागि स्वास्थ्य बिमा लगायतका विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।

६८. नगर प्रमुख मातृशिशु स्वास्थ्य सुधार कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा स्थापना गरिएको **नमुना बर्थिङ्ग सेन्टर (किहुँ स्वास्थ्य चौकी) लाई** प्रभावकारी रूपमा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

६९. स्वास्थ्य संस्थाहरूलाई प्रविधिमैत्री बनाई कागज विहीन (Paperless) अभिलेख र प्रतिवेदनलाई निरन्तरता दिइने छ ।

७०. भिमाद प्राथमिक स्वास्थ्य केन्द्रसम्मको पहुँच नभएका गर्भवती महिलाका लागि नगरपालिकाबाट **ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम** सञ्चालनमा जोड दिइने छ ।

७१. गर्भवती महिला तथा सुत्केरी आमाहरूका लागि निःशुल्क रूपमा उपलब्ध गराईँदै आएको एम्बुलेन्स सेवालाई निरन्तरता दिइने छ ।

७२. **पूर्ण संस्थागत सुत्केरी वडा घोषणा कार्यक्रम** सुरूवात गरिने छ ।

७३. **नगर उपप्रमुख जेष्ठ नागरिक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिईने छ ।

७४. नसर्ने रोगको भार, डेंगी तथा किटजन्य रोगको महामारी र अन्य प्रमुख स्वास्थ्य समस्यालाई मध्यनजर गर्दै समुदाय स्तरमा स्वास्थ्य प्रवर्धनका जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

७५. तथ्यमा आधारित जनस्वास्थ्य कार्यक्रम सञ्चालन गर्न नगरपालिकामा मुख्य समस्याको रूपमा देखिएका मानसिक स्वास्थ्य लगायतका नसर्ने रोग र अन्य प्राथमिकतामा परेका स्वास्थ्य समस्याको बारेमा अध्ययन अनुसन्धानलाई निरन्तरता दिइने छ ।

७६. भिमाद प्राथमिक स्वास्थ्य केन्द्र लगायत अन्य चारवटा स्वास्थ्य चौकीलाई **किशोरकिशोरी मैत्री स्वास्थ्य संस्था** बनाइने छ ।

७७. आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाईका भवन निर्माणका लागि आवश्यक पहल गरिने छ ।

७८. साझेदारी संस्थाहरूको सहयोगमा मनोसामाजिक समस्या भएका व्यक्तिहरूका लागि स्वास्थ्य सम्बन्धी शिविर लगायतका विविध कार्यक्रमहरू सञ्चालनलाई निरन्तरता दिइने छ ।

७९. वडास्तरमा सञ्चालित बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

८०. मानसिक स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रूपमा कार्यान्वयन गर्न सुरक्षित आप्रवासन (सामी) कार्यक्रमसँगको सहकार्यमा **मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति** कार्यान्वयन गरिने छ ।

आयुर्वेद तथा वैकल्पिक चिकित्सा

८१. आयुर्वेद स्वास्थ्य सेवा उपयोगमा वृद्धि र विस्तार, सामुदायिक स्वास्थ्य सुधार तथा नसर्ने रोग न्युनीकरण एवम् व्यवस्थापनका लागि भान्सा सुधार सहित स्वास्थ्य जीवनशैली प्रवर्धन तथा योग, ध्यान र समुदायमा आधारित स्वास्थ्य कार्यक्रम सञ्चालन गरिने छ ।

८२. आयुर्वेद स्वास्थ्य सेवामा समतामुलक पहुँच अभिवृद्धि गर्न टोल-टोलमा नागरिक आरोग्य अभियानका कार्यक्रमहरूका साथ वडाहरूमा नागरिक आरोग्य सेवा क्लिनिक विस्तार गरिने छ ।

८३. निरोगी नेपाल अभियानलाई सफल बनाउन जनप्रतिनिधि, विद्यालय र स्वास्थ्य संस्थाका कर्मचारीहरू तथा सुरक्षाकर्मीलाई तनाव व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ ।

खानेपानी तथा सरसफाइ

८४. एक घर एक धारा अभियान मार्फत नागरिकलाई सहजरूपमा स्वच्छ पिउनेपानी उपलब्ध गराउन पहल गरिने छ ।

८५. नगरक्षेत्र भित्र रहेका मौजुदा खानेपानीको अवस्थाका आधारमा मर्मत सम्भार गर्नुपर्ने, नयाँ संरचना निर्माण गर्नुपर्ने तथा पानीका स्रोत भएका र वैकल्पिक स्रोतको वर्गीकरण गरी खानेपानी आयोजना बैंक तयार गरिने छ ।

८६. सञ्चालनमा रहेका तथा निर्माणाधीन खानेपानी योजनाहरूको नियमित मर्मत् सुधार र निर्माण कार्यलाई सङ्घ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा निरन्तरता दिइने छ ।

८७. सार्वजनिक स्थल र सबै विद्यालयहरूमा खानेपानीका धारा लगायतका भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री बनाउने नीति अवलम्बन गरिने छ ।

८८. विद्यालय तथा अन्य सार्वजनिक स्थलहरूमा शुद्ध खानेपानीको धारा जडान गर्न खानेपानी उपभोक्ता समितिसँग समन्वय गरिने छ ।

८९. पिउने पानीको शुद्धताको गुणस्तर परीक्षण गरी प्रशोधनको व्यवस्था गरिने छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

९०. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ को अनुसूची ३ बमोजिमका न्यूनतम सूचकहरू पूरा गरेका वडाहरूलाई बालमैत्री वडा घोषणाका साथै बालश्रम मुक्त वडा घोषणा गर्दै लगिने छ ।

९१. आपतकालीन एवम् जोखिम अवस्थामा रहेका बालबालिकाहरूको तत्काल संरक्षण, उद्धार, राहत र पारिवारिक पुनःस्थापना गरी बालबालिकाको हकहित संरक्षण र संवर्धन गर्न चालु आर्थिक वर्षमा स्थापना गरिएको बालकोषको प्रभावकारी उपयोग र व्यवस्थापन गरिने छ ।

९२. बालबालिका संरक्षण प्रणाली र बालमैत्री आचारसंहिता तयार गरी लागू गरिने छ ।

९३. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, मुस्लिम, यौनिक अल्पसङ्ख्यक, पिछडिएका, द्वन्द्वपीडित समुदायलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिने छ ।

९४. सबै किसिमका जातीय तथा सामाजिक छुवाछुत, हिंसा र भेदभाव हटाई सभ्य र सुसंस्कृत समाज निर्माणका लागि क्षमता अभिवृद्धि, आयआर्जन, परम्परागत सिप तथा व्यवसाय संरक्षणका कार्यक्रम सञ्चालन गरिने छ ।

९५. स्थानीय तहको नीति निर्माण र निर्णय प्रक्रियामा महिला, बालबालिका, दलित लगायतका अल्पसङ्ख्यक वर्गहरूको अर्थपूर्ण सहभागिता बढाउन नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

९६. लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति तयार गरी सोही अनुसार लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परीक्षण (JEDSI Audit) र लैङ्गिक उत्तरदायी बजेटको अवधारणा अनुरूपका कार्यक्रमहरू तय गरी कार्यान्वयन गरिने छ ।

९७. नगरपालिका, वडा कार्यालय, विद्यालय, सरकारी संस्था तथा सार्वजनिक स्थलहरूलाई क्रमशः अपाङ्गता र बालमैत्री बनाउदै लगिने छ ।

९८. परम्परागत कला र संस्कृतिको संरक्षण गरी स्थानीय उत्पादन प्रवर्द्धन तथा बजारीकरण गर्ने उद्देश्यका साथ महिलाहरूका लागि सिपमुलक तालिम सञ्चालन गरिने छ ।

९९. नगरपालिकाबाट वितरण गरिने अपाङ्गता परिचय पत्र र जेष्ठ नागरिक परिचय पत्रको गुणस्तरीयता र सुरक्षित अभिलेखीकरणका लागि सफ्टवयरको प्रयोग गरी परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाईने छ साथै जेष्ठ नागरिक परिचयपत्र वितरणको कार्य वडा तहबाटै हुने व्यवस्था गरिने छ ।

१००. वडा तथा समुदायमा आधारित बालसञ्जाल, बालमञ्च, बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन/पुनर्गठन गरी सवलीकरण र क्षमता वृद्धिका लागि बालबालिका लक्षित कार्यक्रमहरू सञ्चालन गरिने छ ।

१०१. बालविवाह अन्त्यका साथै व्यक्तिगत घटना दर्ता प्रणाली सम्वन्धी विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

१०२. बालबालिका जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्ने कार्यलाई अभियानको रूपमा सञ्चालन गरिने छ ।

१०३. दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी सोही अनुसारका कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशील बनाइने छ ।

१०४. नगरपालिकाका उपयुक्त स्थानहरूमा बाल उद्यान तथा जेष्ठ नागरिक विश्रामस्थल निर्माण गर्ने कार्यलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाईने छ । जेष्ठ नागरिकहरूको उचित स्याहार सुसार गर्ने उत्कृष्ट संरक्षकहरूलाई सम्मान गरिने छ ।

१०५. गैरसरकारी संस्थासँगको सहकार्यमा मस्तिष्क पक्षघात भएका व्यक्ति र अपाङ्गता भएका व्यक्तिहरूको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

१०६. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वा भत्ता प्राप्त गरिरहेका व्यक्तिहरूले स्वेच्छिक रूपमा सामाजिक सुरक्षा भत्ता नलिने स्वघोषणा गर्ने व्यक्तिहरूलाई सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

१०७. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका विभिन्न दिवसहरू मार्फत लैङ्गिक विभेद अन्त्यका लागि कार्यक्रम सञ्चालन गरिने छ ।

१०८. नेपाल सरकारबाट नियमित सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका बाहेक राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका सरकारी, गैर सरकारी, निजी सङ्घ संस्थाबाट नियमित सुविधा नलिएका ग र घ वर्गका अपाङ्गता भएका व्यक्ति र मनोसामाजिक समस्या भएका व्यक्तिहरूलाई उपलब्ध गराइदै आएको उपप्रमुख निःशुल्क स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ ।

भाषा, कला, साहित्य र संस्कृति प्रवर्द्धन

१०९. स्थानीय समुदायका विभिन्न मेला, महोत्सव, मौलिक संस्कृति, नाचगान, भाषा, भेषभूषा, कला र असल परम्पराहरूको संरक्षण तथा सम्वर्द्धनमा जोड दिइने छ ।

११०. नेपाली कला, साहित्य तथा संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ।

गैर सरकारी संस्था

१११. **सुदृढ नागरिक साझेदारी र पारदर्शी परिचालन** भन्ने मूल संकल्पका साथ नगरपालिकामा दर्ता भई क्रियाशील रहेका जलउपभोक्ता संस्था, मैत्री सङ्घहरू र टोल विकास संस्थाहरूको संस्थागत विवरण तथा अभिलेखलाई व्यवस्थित बनाउन एकीकृत संस्था प्रोफाइल (Profile) तयार गरिने छ । स्थानीय स्तरमा नागरिक परिचालनलाई थप सुदृढ बनाउन टोल विकास संस्थाहरूको दर्ता, नवीकरण तथा नियमन गर्ने कार्य वडा कार्यालयबाटै सम्पादन गर्ने प्रबन्ध मिलाईने छ ।

११२. नगरपालिका क्षेत्रभित्र गैरसरकारी संस्थाहरूद्वारा कार्यान्वयन गरिने विकास निर्माण तथा चेतनामूलक कार्यक्रमहरूलाई स्थानीय योजना प्रणालीसँग आबद्ध गरिने छ । यसका लागि त्यस्ता सम्पूर्ण कार्यक्रमहरूलाई अनिवार्य रूपमा नगर विकास पुस्तिकामा समावेश गर्ने व्यवस्था मिलाईने छ ।

११३. गैरसरकारी संस्थाहरूको कार्यक्षेत्र, स्रोतको परिचालन र जवाफदेहितालाई थप पारदर्शी, उत्तरदायी र व्यवस्थित बनाउन आगामी आर्थिक वर्षभित्र गैरसरकारी संस्था परिचालन सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिने छ।

११४. गैर सरकारी सङ्घ संस्थासँगको सहकार्यमा विभिन्न तालिम, अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

पूर्वाधार विकास

सडक, यातायात तथा पुल

११५. नगरपालिका स्तरका रुपान्तरणकारी तथा प्रतिफलमुखी आयोजनाहरू पहिचान मार्फत आयोजनाहरूको विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्राथमिकताका आधारमा आयोजना बैङ्क तयार गरी कार्यान्वयन गरिने छ ।

११६. पूर्वाधार विकासमा सङ्घीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय तथा सहकार्य गरिने छ ।

११७. बाह्रै महिना सहजरूपमा आवतजावत गर्न सक्ने गरी नगरपालिका स्तरीय सडकहरू स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

११८. विपद् उत्थानशील तथा दिगो पूर्वाधार निर्माणलाई प्राथमिकता दिइने छ ।

११९. भिमकाली मोटर मार्ग, भिम-भैरव, भिम गोफा मोटरमार्ग, किहुँ मार्ग, उत्तर-दक्षिण मोटर मार्ग, भिमाद-भागर-सिम्ले-जरेवर सडक, सेतीकाली मोटर मार्ग, माझकोट मोटर मार्ग, ऋषिङ्गपाटन लदन आम्डाँडा मार्ग, लोकतान्त्रिक मोटर मार्ग, सिद्ध गुफा मोटर मार्ग, क्याङ्दी देउराली मोटरमार्ग, रिठ्ठाभञ्ज्याङ सेरावेसी मोटरमार्ग, ऋषिङपाटन-च्यानभञ्ज्याङ्ग हुदै धारुङभञ्ज्याङ्ग मोटर मार्ग जस्ता मुख्य सडकहरू नगर गौरवका योजनाको रूपमा प्राथामिकता दिँदै उक्त सडकहरू प्राथमिकताका आधारमा कालोपत्रे गर्न प्रदेश र सङ्घीय सरकारसँग समेत आवश्यक पहल गरिने छ ।

१२०. आवश्यकताका आधारमा आयोजना कार्यक्रम छनोट गरी रोजगारी सृजना हुने कार्यक्रमलाई प्राथमिकता दिने तथा लागत सहभागिताका कार्यकमहरूलाई आयमूलक एवम् सहभागितामा आधारित बनाई स्थानीय स्वामित्व अभिवृद्धि गरिने छ ।

१२१. टुक्रे योजनाहरूलाई निरुत्साहित गरी दीर्घकालीन प्रतिफल हुने योजनाहरू छनोट तथा सञ्चालनमा जोड दिइनेछ ।

१२२. प्राविधिकको प्रतिवेदन सहित नगरपालिकाबाट अनुगमन गरी उपयुक्त देखिएको स्थानमा मात्र नयाँ ट्र्याक खोल्न अनुमति प्रदान गरिने छ ।

१२३. योजना तथा कार्यक्रमहरूको वार्षिक कार्यसञ्चालन तालिकाको प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

१२४. अद्यावधिक गरिएको नगरपालिकाको यातायात गुरुयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

१२५. स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच सुनिश्चित गरिने छ ।

१२६. खरिद प्रक्रियालाई पारदर्शिता कायम गरी समयमा नै खरिद कार्य व्यवस्थित गर्न खरिद गुरुयोजना तथा वार्षिक खरिद योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

१२७. योजना तथा कार्यक्रमहरूको रकमान्तर र संशोधन गर्ने कार्यलाई अति आवश्यक भएमा एक पटकका लागि मात्र नगरसभाको निर्णय मार्फत रकमान्तर र संशोधन गरिने छ ।

विद्युत तथा नवीकरणीय उर्जा

१२८. नवीकरणीय उर्जा प्रवर्धनका लागि वायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो, सडक बत्ती, सौर्य उर्जा जडान जस्ता कार्यक्रमलाई प्रोत्साहन गर्नुका साथै सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी सो कार्यलाई निरन्तरता दिइने छ ।

१२९. नगरपालिका क्षेत्रभित्र रहेका विद्युतका काठेपोलहरू विस्थापन गरी दिगो व्यवस्थापन गर्न आवश्यक पहल गरिने छ ।

भवन तथा शहरी विकास

१३०. शहरी पूर्वधार तथा भवन व्यवस्थापन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

१३१. सरकारी, निजी भवन तथा घरहरूलाई अनिवार्य नक्सा पास तथा घर कायम गरी प्रत्येक घरहरूको संकेत नम्बर प्रदान गरिने छ ।

१३२. स्वीकृत मापदण्ड विपरीत निर्माण कार्य गर्ने कार्यलाई कानुनी दायरामा ल्याई निरूत्साहित गरिने छ ।

वन, वातावरण तथा विपद् व्यवस्थापन

वन, वातावरण तथा विपद्

१३३. नगरपालिका क्षेत्रभित्रका सार्वजनिक जग्गा, सामुदायिक वन र निजी जग्गामा विभिन्न प्रकारका फलफूल तथा जडीबुटी खेतीको विस्तार गरिने छ । वनजन्य स्रोतहरूको दिगो व्यवस्थापन र जैविक विविधताको संरक्षण गर्दै उत्पादनमुखी वन व्यवस्थापनको नीतिलाई अङ्गीकार गरिने छ ।

१३४. स्थानीय समुदायको सहभागितामा वनजन्य स्रोतको व्यवस्थापनबाट आयआर्जनमा वृद्धि गरिने छ । वन ऐन, २०७६ तथा वन नियमावली, २०७७ बमोजिम सामुदायिक वनहरूलाई नियमन र सुशासनको दायरामा ल्याइने छ ।

१३५. नदीजन्य सामग्रीहरू (ढुङ्गा, गिट्टी, बालुवा) को अवैध उत्खनन र दोहन सम्बन्धी समस्याको पहिचान गरी छिमेकी स्थानीय तहहरूसँगको समन्वय र सहकार्यमा स्थायी समाधान खोजिने छ ।

१३६. वन डढेलो, चट्याङ, सुख्खा खडेरी, हुरीबतास र असिना जस्ता प्राकृतिक विपद्का विषयमा समुदाय स्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी जोखिम न्यूनीकरणका लागि विशेष पूर्वतयारी कार्यक्रम तय गरी लागू गरिने छ ।

१३७. विद्युतीय उपकरण (करेन्ट) तथा विषादीको प्रयोग गर्दै खोला नदीमा माछा मार्ने कार्यलाई पूर्ण रूपमा निषेध गरी जलचरको समुचित संरक्षण गरिने छ ।

१३८. विश्वव्यापी उष्णता, हरितगृह प्रभाव र ओजन तहको विनाशलाई मध्यनजर गर्दै वातावरण संरक्षण, दिगो विकास र पारिस्थितिक पद्धतिको रक्षाका लागि वर, पिपल, समी जस्ता बहुवर्षीय तथा बहुउपयोगी जातका बिरुवाहरू वृक्षारोपण र संरक्षण गर्दै लगिने छ ।

१३९. नगरपालिका र मातहतका कार्यालयहरूमा स्थानीय वनमा उत्पादित काठ र काठजन्य फर्निचर तथा अन्य सामग्रीको प्रयोगमा विशेष जोड दिइने छ ।

१४०. सामुदायिक वन र अन्य वनमा डढेलो नियन्त्रणका लागि वन कार्यालयसँगको समन्वयमा नियमित रूपमा वनको सफाइ गर्ने, सार्वजनिक बाटो तथा वन पथ निर्माण गर्ने नीति लिइने छ ।

१४१. हरियाली प्रवर्द्धनका लागि **'एक घर एक बिरुवा'** अभियानलाई प्रोत्साहन गरिने छ । बजार क्षेत्रका खाली ठाउँहरूमा स्थानीयसँगको सहकार्यमा वृक्षारोपण गर्ने, वडा स्तरमा बालउद्यान स्थापना गर्ने र बिरुवाको संरक्षणका लागि छेकबार जाली व्यवस्थापनमा सहयोग गरिने छ ।

१४२. वन क्षेत्रभित्र रहेका स्याउला, सोतर तथा मिचाहा वनस्पतिलाई स्थानीय समुदाय र निजी क्षेत्रको संलग्नतामा प्राङ्गारिक मल उत्पादन गर्न पहल गरिने छ ।

फोहोरमैला व्यवस्थापन

१४३. सबै वडाहरूमा योजनाबद्ध रूपमा फोहोरको वर्गीकरण गरी नकुहिने फोहोरलाई आधुनिक प्रविधिको प्रयोगबाट उचित व्यवस्थापन गरिने छ भने कुहिने फोहोरलाई खेतबारी, करेसाबारी तथा कौसी खेतीमा मलका रूपमा प्रयोग गर्न प्रोत्साहन गरिने छ ।

१४४. प्रदूषण नियन्त्रण र स्वच्छ वातावरणका लागि सार्वजनिक शौचालय निर्माण, जनचेतना अभिवृद्धि र सरसफाइमा प्राविधिक एवम् आर्थिक सहयोग उपलब्ध गराइने छ ।

१४५. छिमेकी स्थानीय तहसँगको सहकार्यमा फोहोरमैलाको दिगो एवम् दीर्घकालीन व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइट निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

जलवायु परिवर्तन

१४६. जलवायु परिवर्तन अनुकूलन नीति अवलम्बन गरिने छ । यसका लागि स्थानीय अनुकूलन योजना (LAPA) तर्जुमा गर्न सङ्घीय सरकार समक्ष आवश्यक पहल र समन्वय गरिने छ ।

१४७. जलवायु संकटको संवेदनशीलतालाई मध्यनजर गर्दै आवश्यकता अनुसार स्थानीय स्तरमा जलवायु उत्थानशील कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गरिने छ ।

१४८. जलवायु संकटबाट समुदायलाई सुरक्षित बनाउन स्थानीय अनुकूलनका उपाय अवलम्बन गर्न प्रोत्साहन गरिने छ । भूमिगत जलस्रोत संरक्षणका लागि पुनर्भरण पोखरी (रिचार्ज पोखरी) तथा प्लास्टिक पोखरी निर्माणका कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।

जलाधार संरक्षण

१४९. जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने व्यवस्था मिलाई खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र वन उपभोक्ता समितिको क्षमता विकास कार्यक्रम अन्य सरोकारवाला निकायहरूसँगको समन्वयमा सञ्चालन गरिने छ ।

१५०. भूकम्प, बाढी, पहिरो तथा वर्षातको फेरबदलले गर्दा सतही तथा भूमिगत पानीका स्रोतहरू सुक्दै गइरहेको अवस्थामा खानेपानी तथा सिँचाइका मुहान र बाँध क्षेत्र संरक्षणका लागि पुनर्भरण पोखरी तथा चेकड्यामहरू निर्माण गरिने छ ।

१५१. जलाधार संरक्षण गर्न गह्रा सुधार खेती गर्न, माटो बग्न नदिन खोल्साखोल्सीमा बिरुवा लगाउन र भलपानी तर्काउन परम्परागत कुलो बनाउने जस्ता कम खर्चिलो तथा रैथाने सिप र प्रविधिको प्रयोग गर्न समुदायलाई उत्प्रेरित गरिने छ ।

जलउत्पन्न प्रकोप नियन्त्रण

१५२. जलउत्पन्न प्रकोप नियन्त्रणका लागि आवश्यक नीतिगत, कानुनी एवम् संरचनागत व्यवस्था गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

१५३. पहिरो एवम् भू-क्षय हुने उच्च जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी त्यस्ता स्थानहरूमा जैविक इन्जिनियरिङ सहितको वृक्षारोपण र संरक्षणका विभिन्न कार्यक्रमहरू सम्बन्धित निकायहरूसँगको समन्वयमा सञ्चालन गरिने छ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

मानव संसाधन तथा संस्थागत क्षमता विकास

१५४. नगरपालिका तथा मातहतका कार्यालयहरूको लागि स्वीकृत गरिएको सँगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) प्रतिवेदन, २०८२ लाई कार्यान्वयन गरी नगरपालिकाको सँगठनलाई चुस्त दुरुस्त बनाइने छ ।

१५५. क्षमता विकास योजना तयार गरी जनप्रतिनिधि, कर्मचारी तथा प्रधानाध्यापक एवम् शिक्षकहरूका लागि क्षमता विकास तालिम, अवलोकन भ्रमण कार्यक्रम सञ्चालन तथा कर्मचारीहरूको कार्यसम्पादनमा आधारित पुरस्कारको व्यवस्था गरी उत्प्रेरणा र मनोवलको विकास एवम् कार्यसम्पादनमा सुधारको नीति लिइने छ ।

१५६. नगरपालिका मातहतका कार्यालय भवनहरूको नियमित मर्मत सम्भार, फर्निचर तथा फर्निसिङ्ग, कम्प्युटर तथा मेसिनरी औजारको मर्मत तथा उपयुक्त व्यवस्थापन गरी सेवा प्रवाहलाई छिटो, छरितो र सहज बनाइने छ।

१५७. सँगठित तथा असँगठित क्षेत्रमा कार्यरत मजदुर एवम् करार सेवाका कर्मचारीहरूलाई क्रमशः सामाजिक सुरक्षा कोषमा आवद्ध गर्दै लगिने छ ।

१५८. आगामी वर्ष मध्यमकालीन खर्च संरचना (MTEF) तयार गरी कार्यान्वयन गरिने छ ।

राजश्व परिचालन तथा वित्तीय व्यवस्थापन

१५९. **"दिगो र आत्मनिर्भर स्थानीय अर्थतन्त्रको बलियो आधारः आन्तरिक राजश्व परिचालन र सुशासनको विस्तार"** भन्ने मूल ध्येयका साथ नगरपालिकाको कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा वृद्धि गर्न राजश्वको दायरा विस्तार गर्ने नीति अख्तियार गरिने छ ।

१६०. नगरपालिकाको आन्तरिक आय वृद्धिमा उल्लेखनीय योगदान पुऱ्याउने उत्कृष्ट करदाताहरूलाई उच्च कदर सहित उत्कृष्ट करदाताको रूपमा सम्मान गर्ने परम्पराको थालनी गरिने छ ।

१६१. राजश्व चुहावटलाई शून्यमा झार्न उपयुक्त अनुगमन तथा सुपरिवेक्षण संयन्त्र निर्माण गरिने छ । स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा 'क्यासलेस' र 'फेसलेस' बनाउन स्थानीय तह राजश्व व्यवस्थापन प्रणाली (LLRP) सञ्चालनमा ल्याइने छ ।

१६२. करदातालाई नगरपालिकाबाटै स्थायी लेखा नम्बर (PAN) प्रदान गर्न नेपाल सरकारसँग आवश्यक समन्वय तथा पहल गरिने छ ।

१६३. कर संकलन प्रक्रियालाई सरल बनाउन व्यवसाय कर तथा वार्षिक एक लाख रुपैयाँभन्दा कम बिगो भएको बहाल कर संकलन गर्ने कार्य वडा कार्यालय मार्फत सम्पादन गर्ने व्यवस्था मिलाईने छ । कर प्रशासनलाई थप दक्ष र व्यावसायिक बनाउन राजश्व शाखाका कर्मचारी र वडा सचिवहरूका लागि कर प्रशासन सम्बन्धी विशेष क्षमता विकास तालिम सञ्चालन गरिने छ ।

१६४. विगतको राजश्व वृद्धिदर र सम्भाव्यताको वस्तुगत अध्ययन गरी वडागत राजश्व लक्ष्य निर्धारण गरिने छ । वडास्तरमा वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्न वडा समितिको मासिक बैठकमा अनिवार्य रूपमा राजश्व लक्ष्य र प्राप्ति सम्बन्धी नियमित समीक्षा गर्ने परिपाटीलाई संस्थागत गरिने छ ।

१६५. सम्पत्ति करको विद्यमान दरलाई यथावत राखी यसको दायरा विस्तार गरिने छ । सम्पत्ति करलाई प्रणालीमा आबद्ध गर्न घर नक्सापास, घर सम्पन्नता प्रमाणपत्र र घर कायम गर्ने प्रक्रियासँग अनिर्वाय आबद्ध गरी यसलाई अभियानकै रूपमा लागू गरिने छ ।

१६६. करको दायराभित्र नआएका नयाँ करदाताहरूलाई आकर्षित गरी करको दायरा विस्तार गर्न विशेष कर छुट र सहुलियतको व्यवस्था मिलाईने छ ।

१६७. नगरपालिकाको क्षेत्रभित्र सञ्चालन भएका हाट बजार पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोगवापत बहाल बिटौरी शुल्क सङ्कलन गरिने छ ।

कानुन, न्याय तथा मानव अधिकार

१६८. **कानुनी सुदृढीकरण र वडास्तरीय मेलमिलाप** भन्ने मूल संकल्पका साथ नगरपालिकाद्वारा जारी स्थानीय कानुनहरूको सान्दर्भिकता अध्ययन गर्न विज्ञ सम्मिलित समीक्षा समिति

गठन गरिने छ । समितिको सिफारिसका आधारमा विद्यमान कानुनहरूको परिमार्जन तथा कार्यान्वयनमा नआएका असान्दर्भिक कानुनहरूको खारेजी प्रक्रिया अगाडि बढाइने छ ।

१६९. **घरदैलोमै मेलमिलाप, नागरिकको न्यायमा सहज पहुँच**को नीति अनुरूप स्थानीय विवाद निरूपणमा वैकल्पिक उपायलाई प्राथमिकता दिइने छ । वडा मेलमिलाप केन्द्रहरूलाई सक्रिय बनाई विवादको दर्ता र किनारा वडा स्तरबाटै गर्ने गरी न्यायिक समिति सम्बन्धी स्थानीय कानुन तथा कार्यविधिमा आवश्यक संशोधन गरिने छ ।

१७०. **"समुदाय र विद्यालयमा न्यायिक सचेतना, कानुनी साक्षरता भिमादको चाहना"** भन्ने लक्ष्य सहित न्यायिक समितिको क्षेत्राधिकारबारे आम नागरिकलाई सुसूचित गरिने छ । न्यायमा सर्वसाधारणको पहुँच बढाउन स्थानीय स्तरमा समुदाय र विद्यालयहरूमा न्यायिक समिति जस्ता सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।

१७१. न्यायिक समितिको कानुनी तथा प्रशासनिक कार्यलाई चुस्त र व्यवस्थित बनाउन कानुनी पृष्ठभूमिको दक्ष जनशक्तिको उपलब्धता सुनिश्चित गरिने छ । यसका लागि प्रदेश सरकारसँगको वित्तीय साझेदारी र समन्वयमा कार्यरत न्यायिक सहजकर्ताको सेवालाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ ।

१७२. राष्ट्रिय मानव अधिकार आयोगबाट जारी मानव अधिकार सम्बन्धी दोस्रो कार्ययोजना (२०८२-२०८७) लाई नगरपालिकाका वार्षिक नीति तथा कार्यक्रमहरूसँग आन्तरिकीकरण गरी स्थानीय स्तरमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।

वित्तीय जोखिम न्यूनीकरण, लेखा परीक्षण तथा बेरुजु फछ्यौंट

१७३. बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यतताको नीति अंगीकार गरी वित्तीय जोखिम न्यूनीकरण गरिने छ ।

१७४. नगरपालिकाको खर्चको मापदण्ड, २०८१ लाई प्रभावकारी कार्यान्वयन गरी सार्वजनिक खर्चमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गरिने छ ।

१७५. नगरपालिकाको आय व्ययको आन्तरिक लेखापरीक्षण अद्यावधिक गरी आन्तरिक लेखा परीक्षणबाट प्राप्त बेरुजुलाई अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाइने छ।

१७६. बेरुजुलाई कुल बजेटको १ % भन्दा नबढ्ने लक्ष्यका साथ बजेट तथा कार्यक्रम कार्यान्वयन गरिने छ।

१७७. लेखापरीक्षणको क्रममा नगरपालिकाको बाँकी बेरुजु सम्परीक्षण हुने गरी आवश्यक प्रबन्ध मिलाईने छ ।

१७८. बेरुजुलाई न्यून गर्नका लागि कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी कार्यान्वयन गर्दै सबै शाखा तथा वडा कार्यालयले खर्चका मापदण्ड, कार्यविधिलाई प्रभावकारी रूपमा अनुसरण गर्ने र यस सम्बन्धमा मातहतका निकायको क्षमता विकास गरिने छ ।

सेवा प्रवाह र सुशासन

१७९. सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिई नागरिकका समस्या तथा गुनासोलाई समयमै समाधान गरिने छ ।

१८०. नगरबासीले बुझाउनुपर्ने नवीकरण, कर तथा दस्तुरहरू घरबाटै तिर्न सक्ने गरी विद्युतीय भुक्तानी प्रणालीलाई थप सरल र सुरक्षित बनाइने छ । नगरपालिकाको आधिकारिक एपमार्फत गुनासो दर्ता गर्ने व्यवस्था मिलाईने छ ।

१८१. आन्तरिक नियन्त्रण प्रणाली, गुनासो सुनुवाई, नागरिक वडापत्र, सुझाव पेटिकाको प्रभावकारी कार्यान्वयन गरी शासकीय सुधारलाई निरन्तरता दिइने छ ।

१८२. नागरिकलाई उपलव्ध गराइने सेवामा सहजता ल्याउन नागरिक सहायता कक्ष (HELP DESK) को आवश्यक व्यवस्थापन गरिने छ ।

१८३. सुशासन ऐनको प्रभावकारी कार्यान्वयन मार्फत नगरपालिकाको प्रशासनलाई जनमुखी, दक्ष, प्रभावकारी र जवाफदेही बनाइने छ ।

१८४. नगरपालिकाको प्रशासनिक निरन्तरता, दिगो संस्थागत विकास एवम् जिम्मेवारीपूर्ण कार्यसम्पादनका लागि शाखा र वडा कार्यालयमा सिर्जित ज्ञान, अनुभव, निर्णय तथा

महत्त्वपूर्ण अभिलेखहरूलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्नका लागि संस्थागत स्मरण हस्तान्तरण गर्ने नीति लिइने छ ।

सूचना प्रविधिको प्रयोग

१८५. नगरपालिका र मातहतका कार्यालयहरूको कार्यसम्पादनलाई प्रविधिमैत्री, पारदर्शी र कागजशून्य बनाउने उद्देश्यका साथ आगामी आर्थिक वर्षभित्र **एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS)** र डिजिटल हस्ताक्षर लागू गरिने छ ।

१८६. सार्वजनिक सेवा प्रवाहलाई पूर्ण रूपमा **पारदर्शी, नागरिक-उत्तरदायी र सुशासनयुक्त** बनाउन स्थानीय सरकारका सेवाहरूलाई क्रमशः **डिजिटलाईजेसन (Digitalization)** गर्दै 'कागजविहीन र लाईनविहीन' अनलाईन प्रणालीको सुदृढीकरण तथा बिस्तार गरिने छ।

१८७. नगरपालिकाको ऐतिहासिक तथा महत्वपूर्ण निर्णय, दस्तावेज र कागजातहरूको दीगो **'संस्थागत स्मरण' (Institutional Memory)** सुनिश्चित गर्न आधुनिक सूचना प्रविधिको प्रयोग गरी **'डिजिटल आर्काइभिङ' (Digital Archiving)** तथा क्लाउड-आधारित सुरक्षित अभिलेख व्यवस्थापन प्रणाली लागू गरिने छ।

१८८. बजार क्षेत्रलाई सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाउन संवेदनशील चोकहरूमा जेब्रा क्रसिङ, सडक सूचना बोर्ड तथा **उच्च प्रविधिको सीसीटीभी (CCTV) क्यामेरा जडान** गरी सुरक्षा निकायसँगको समन्वयमा २४ सै घण्टा निगरानी राखी सडक सुरक्षा, अपराध नियन्त्रण र आम नागरिकको सार्वजनिक सुरक्षालाई थप सुदृढ र चुस्त बनाइने छ।

१८९. नगरपालिकाको सेवा प्रवाहलाई प्रविधिमैत्री, पारदर्शी र जनउत्तरदायी बनाउन कृत्रिम बुद्धिमत्ता (AI) र अत्याधुनिक सूचना प्रविधिको नवप्रवर्तनकारी प्रयोग गरिने छ ।

अन्तर तह समन्वय

१९०. प्रदेश सरकार र सङ्घीय सरकारसँगको समन्वय तथा सहकार्यमा नीति, योजना तथा सेवा प्रवाहमा दोहोरोपना नहुने गरी कार्य गरिने छ ।

१९१. सङ्घ, प्रदेश र स्थानीय तह अन्तर सम्वन्ध व्यवस्थित गर्न वनेको ऐन, २०७७ को मर्म र भावनालाई आत्मसात गरी अन्तर सरकारी समन्वयलाई निरन्तरता दिइने छ ।

१९२. लागत न्यूनीकरण र स्रोत साधनको अधिकतम उपयोगका लागि अन्तर स्थानीय तह साझेदारी तथा समन्वय गरिने छ ।

१९३. वित्तीय हस्तान्तरण भई प्राप्त हुने कार्यक्रम तथा योजनाहरूको सङ्घीय तथा प्रदेश सरकारलाई नियमित प्रगति प्रतिवेदन पठाउने व्यवस्था मिलाईने छ ।

अन्तमा,

"समृद्ध भिमादको आधारः आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार" भन्ने यस नगरपालिकाको सोच सहित तयार गरिएको यस आर्थिक वर्षको नीति तथा कार्यक्रमले तय गरेका प्राथमिकताका आधारले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरू हासिल गर्न सम्पूर्ण जनप्रतिनिधि, नेपाल सरकार, प्रदेश सरकार, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, शिक्षक, बुद्धिजीवी, टोल विकास संस्था लगायत सरकारी, निजी तथा गैर सरकारी क्षेत्र, नागरिक समाज, सञ्चार माध्यम र आदरणीय नगरबासीहरूको बलियो साथ र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास लिएको छु । नगरपालिकाको दिगो विकास र सुशासन प्रवर्धनका लागि हामी सबैको सामूहिक प्रयास सफल हुनेछ भन्ने अपेक्षाका साथ सम्पूर्ण नगरबासी दिदी बहिनी तथा दाजु भाइहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।

दधिराज सुवेदी

नगर प्रमुख

मिति २०८३ जेठ २९ गते शुक्रबार

भिमाद नगरपालिकाको नगर सभाको बाइसौं अधिवेशनमा
नगर उपप्रमुख एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक
श्री शारदा खनालबाट प्रस्तुत
भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

नगर सभाका श्रद्धेय अध्यक्षज्यू,

नगर सभाका सदस्यज्यूहरू,

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावना अनुरूप नगर उपप्रमुखको हैसियतले भिमाद नगरपालिकाको बाइसौं नगरसभाको अधिवेशनमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु ।

२. यस महत्त्वपूर्ण अबसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न आन्दोलनका क्रममा घाइते र बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३. आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्नका लागि नगरबासीको आकाङ्क्षालाई सम्बोधन गर्दै नगरपालिकाको समग्र विकास र समृद्धिका लागि यस अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ को आय र व्ययको अनुमान सहितको बजेट प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु ।

४. कृषि क्षेत्रको व्यवसायीकरण एवम् आधुनिकीकरण मार्फत स्वरोजगारको सिर्जना गर्ने, गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति दिने, दिगो पूर्वाधार विकास गर्ने र सेवा प्रवाहलाई सहज, छिटो, छरितो एवम् गुणस्तरीय बनाई सुशासनको प्रत्याभूति दिलाउने गरी यो बजेट तर्जुमा गरिएको छ ।

५. बजेट तर्जुमा गर्दा नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, सङ्घीय तथा प्रदेश सरकारका वार्षिक नीति, बजेट तथा कार्यक्रम र दिगो विकासका लक्ष्यहरूलाई प्राथमिकतामा राख्दै "समृद्ध भिमादको आधारः आर्थिक, सामाजिक विकास र दिगो पूर्वाधार" भन्ने यस नगरपालिकाको मूल नारालाई आधारको रूपमा लिएको छु ।

६. भिमाद नगरपालिकाको यस गरिमामय सभाबाट स्वीकृत आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम, नगर सभाका सदस्यहरूबाट प्राप्त राय सुझाव, राजनीतिक दल, विभिन्न सरोकारवाला, बुद्धिजिवी, नागरिक समाज लगायतबाट प्राप्त पृष्ठपोषण र सुझावहरूका आधारमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमा भित्र रही वस्ती, टोल हुँदै वडास्तरबाट पहिचान र प्राथमिकीकरण गरिएका विषयहरू, विषयगत समितिमा भएको छलफल तथा प्रबुद्ध वर्गहरू लगायत सबैबाट प्राप्त रचनात्मक सुझावलाई समेत मध्यनजर गरी यो बजेट तयार गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्मको वित्तीय अवस्था सम्बन्धी कुल आम्दानी र खर्चको स्थितिलाई संक्षेपमा प्रस्तुत गर्न चाहन्छु।

(क) <u>आम्दानी तर्फ</u>

७. चालु आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सरकारबाट समानीकरण, ससर्त र समपुरक अनुदान गरी कुल रू. ४३ करोड १८ लाख प्राप्त हुने बजेट सीमा प्राप्त भएकोमा हालसम्म रू. ३६ करोड २३ लाख ६२ हजार ९ सय ४१ मात्र प्राप्त भएको छ ।

८. गण्डकी प्रदेश सरकारबाट चालु आर्थिक वर्षका लागि समानीकरण, ससर्त, समपुरक र विशेष अनुदान गरी कुल रू. २ करोड ४५ लाख ९६ हजारको सीमा प्राप्त भएकोमा हालसम्म कुल रू. १ करोड ५८ लाख ९७ हजार मात्र आम्दानी भएको छ ।

९. राजश्व बाँडफाँट तर्फ रू. ११ करोड ८३ लाख ९३ हजार ६ सय ८३ प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रू. ७ करोड ३६ लाख ६८ हजार १ सय ६७ मात्र आम्दानी भएको छ ।

१०. आन्तरिक आयतर्फ नगद मौज्दात सहित रू. ६ करोड २४ लाख ७० हजार ६ सय ८७ आम्दानी हुने अनुमान गरिएकोमा हालसम्म जम्मा रू. ५ करोड ५ लाख ६ सय ७७ आम्दानी भएको छ । यसरी यस नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को कुल अनुमानित आय रू. ६३ करोड ७२ लाख ६० हजार ३ सय ७० रहेकोमा २०८३ असार ९ गतेसम्म कुल रू. ५० करोड २४ लाख २८ हजार ७ सय ८६ अर्थात् लक्ष्यको ७८ प्रतिशत मात्र वास्तविक आय भएको छ ।

(ख) <u>खर्च तर्फ</u>

११. चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्मको अबधिमा कुल बजेट रू. ६३ करोड ७२ लाख ६० हजार ३ आठ ७० मध्ये रू. ३७ करोड ९८ लाख ९२ हजार ३ सय २५ खर्च भई वित्तीय प्रगति ६० प्रतिशत हासिल भएको छ । पुँजीगत तर्फ विनियोजित रू. १९ करोड ८३ लाख ५७ हजार मध्ये रू. ७ करोड १५ लाख २४ हजार ३ सय ८१ खर्च भई ३६ प्रतिशत र चालुतर्फ रू. ४३ करोड ८९ लाख ३ हजार ३ सय ७० मध्ये रू. ३० करोड ८३ लाख ६७ हजार ९ सय ४४ खर्च भई ७१ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । चालु आर्थिक वर्षको अन्तसम्म पुँजीगत खर्च ७० प्रतिशत, चालु खर्च ८५ प्रतिशत गरी कुल ८० प्रतिशत वित्तीय प्रगति हासिल हुने अनुमान गरिएको छ ।

सभाध्यक्ष महोदय,

१२. अब म आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकताहरू प्रस्तुत गर्न चाहन्छु । बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) नगरपालिकाबाट प्रवाह हुने सेवामा नगरवासीको पहुँच वृद्धि गर्ने,

(ख) गुणस्तरीय विद्यालय शिक्षामा समतामूलक पहुँच विस्तार गर्ने,

(ग) गुणस्तरीय, दिगो र उत्थानशील भौतिक पूर्वाधार निर्माण गर्ने,

(घ) दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने,

(ङ) कृषि तथा पशुपालन क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणमा मार्फत स्थानीय अर्थतन्त्रमा सुधार ल्याउने,

(च) विकेन्द्रीकरण र सङ्घीयता कार्यान्वयन मार्फत स्थानीय शासन प्रणालीको संस्थागत विकासमा जोड दिने,

(छ) समतामूलक स्रोतको विनियोजन मार्फत सामाजिक न्यायमा पहुँच कायम गर्ने ।

१३. बजेटका उद्देश्यहरू पूरा गर्न देहाय अनुसार क्षेत्रगत प्राथमिकताहरू निर्धारण गरेको छु ।

(क) दिगो एवम् गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,

(ख) गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच,

(ग) स्वास्थ्य तथा पोषण,

(घ) कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यवसायीकरण,

(ङ) खानेपानी तथा सरसफाइ,

(च) आन्तरिक राजस्व वृद्धि तथा वित्तीय सुशासन,

(छ) सेवा प्रवाह, संस्थागत विकास र सुशासन,

(ज) कला संस्कृति र पर्यटन प्रबर्धन,

(झ) जलवायु परिवर्तन, वातावरण सन्तुलन तथा विपद् व्यवस्थापन,

(ञ) उद्यम विकास तथा रोजगारी वृद्धि ।

१४. उल्लिखित उद्देश्य र प्राथमिकताहरू कार्यान्वयन गर्न सङ्घीय तथा प्रदेश सरकार, सरकारी तथा गैरसरकारी संघसंस्थाहरू लगायत सरोकारवालाहरूसँग आवश्यक समन्वय एवम् साझेदारी गरिने छ ।

सभाध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरू

१५. अब म आगामी आर्थिक वर्ष २०८३/८४ को कुल आय तथा व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१६. अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, विशेष अनुदान, प्रदेश समपुरक अनुदान, सङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट र नगरपालिकाको आन्तरिक स्रोत, नगद मौज्दात गरी कुल रू. ३२ करोड ३६ लाख २० हजार बजेट विनियोजन सम्बन्धी विवरण प्रस्तुत गर्न चाहन्छु।

आर्थिक विकास

१७. वडास्तरका कार्यक्रम सहित कृषि क्षेत्रका लागि रू. ९६ लाख ५७ हजार बजेट विनियोजन गरेको छु ।

१८. सम्भावनाका आधारमा बाली विशेषका उत्पादन पकेट क्षेत्र निर्धारण गरी बाली विशेषका कार्यक्रम सञ्चालन गर्नुका साथै उत्पादनमा आधारित प्रोत्साहन अनुदानको लागि बजेटको व्यवस्था गरेको छु ।

१९. कृषिमा आधुनिकीकरण र व्यवसायीकरणलाई जोड दिन आधुनिक कृषि यन्त्र वितरण तथा हाते ट्याक्टर मर्मत सम्बन्धी तालिमको लागि २७ लाख ७ हजार बजेटको प्रबन्ध गरेको छु ।

२०. मौरी पकेट क्षेत्रको पहिचान गरी मौरी सहितको घार, खाली घार तथा आवश्यक सामग्री वितरण, अकबरे खुर्सानी क्षेत्र विस्तार लगायतका कार्यक्रम सञ्चालनको लागि रू. १२ लाख बजेटको व्यवस्था गरेको छु।

२१. मौसमी तथा बेमौसमी तरकारी खेती गर्न इच्छुक कृषकहरूलाई टनेल, मल्चिङ प्लास्टिक, थोपा सिँचाइ लगायतका कृषि सामग्रीमा अनुदानको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२२. पशुपन्छी विकास कार्यक्रमका लागि वडा सहितको रू. ४० लाख बजेट विनियोजन गरेको छु ।

२३. दुध उत्पादन तथा दुग्धजन्य पदार्थको उत्पादन वृद्धि गरी नगरपालिकालाई दुध तथा दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन दुध उत्पादनमा आधारित अनुदानको लागि रू. १७ लाख बजेटको व्यवस्था गरेको छु।

२४. घरपालुवा/छाडा कुकुर बन्ध्याकरण र रेबिज बिरुद्धको खोप शिविर सञ्चालनका लागि बजेटको व्यवस्था गरेको छु ।

२५. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत औषधी वितरण, पशु स्वास्थ्य सम्बन्धी सामुदायिक शिक्षा र घुम्ती शिविर सञ्चालन गर्नुका साथै मागमा आधारित पशुपालन व्यवसाय प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२६. कृषि योग्य भूमी बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरी कृषि तथा पशुजन्य व्यवसाय मार्फत आय आर्जन गर्न बाँझो जग्गामा उत्पादन प्रोत्साहन अनुदानको व्यवस्था गरेको छु ।

२७. नागरिकको वचत तथा शेयर पुँजी जोखिमलाई मध्यनजर गरी सहकारी संस्थाको क्षमता विकास तालिम, सहकारी पदाधिकारीहरूसँग नियमित अन्तरक्रिया तथा गोष्ठी र आवश्यकता अनुसार सघन अनुगमन गर्ने कार्यका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

२८. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र भरपर्दो बनाउन सुरक्षित आप्रवासन (सामी) कार्यक्रमलाई सङ्घीय सरकारसँग वित्तीय साझेदारी गर्दै आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु ।

२९. रोजगारी सिर्जना गरी आय आर्जनमा टेवा पुऱ्याउन राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय सरकारसँग वित्तीय साझेदारी गर्न आवश्यक बजेटको प्रबन्ध गरेको छु ।

३०. पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण, प्रबर्धन र पूर्वाधार विकास गर्न तयार गरिएको पर्यटन गुरुयोजना अनुसारका कार्यक्रमका लागि रू. ३६ लाख विनियोजन गरेको छु ।

३१. जलस्रोत तथा सिँचाइ क्षेत्रतर्फ सिँचाइ योजना मर्मत, सम्भार तथा स्तरोन्नतिका लागि रू. ५६ लाख बजेट विनियोजन गरिएको छ ।

३२. आर्थिक विकास क्षेत्रका लागि कुल रू. २ करोड ६० लाख ९० हजार विनियोजन गरेको छु ।

सामाजिक विकास

३३. विद्यालयहरूको भौतिक तथा शैक्षिक विकासमा विनियोजन गरेको रकम समेत गरी शिक्षा क्षेत्रका लागि जम्मा रू. २ करोड २४ लाख ५० हजार विनियोजन गरेको छु ।

३४. गुणस्तरीय विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्न तयार गरिएको नगरपालिकाको शिक्षा क्षेत्र योजना (२०७९-२०८८) ले लिएका प्राथमिकता अनुसारका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३५. विद्यालयको भौतिक एवम् शैक्षिक सुधारमा केन्द्रित रही सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्न आर्थिक वर्ष २०७८/७९ देखि शुरू गरिएको नगर प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिएको छु । यस कार्यक्रमबाट विद्यालयको भौतिक निर्माण, मर्मत सम्भार, शैक्षिक सामग्री व्यवस्थापन जस्ता क्रियाकलापहरू सञ्चालन गरिने छ ।

३६. सामुदायिक विद्यालयमा आधुनिक प्रविधिमैत्री शिक्षण तथा सिकाइ विकास कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३७. **स्थानीय पाठ्यक्रम मेरो भिमाद, २०७८** को प्रभावकारी कार्यान्वयनको लागि कक्षा ६-८ को पाठ्यपुस्तक लेखन तथा कक्षा १-८ का पाठ्यपुस्तक छपाइका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३८. सामुदायिक विद्यालयका लागि कम्प्युटर, प्रिन्टर खरिद मर्मत तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३९. सामुदायिक विद्यालयहरूमा बालमैत्री तथा अपाङ्गतामैत्री पूर्वाधार विकासका लागि बजेटको व्यवस्था गरेको छु ।

४०. बालबालिकाहरूलाई लैङ्गिक समता शिक्षका लागि गैरसरकारी संस्थासँगको साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४१. शिक्षकको दरवन्दी मिलान र व्यवस्थापन गरी न्यायोचित वितरणको व्यवस्था मिलाईने छ । न्यून शिक्षक दरवन्दी भएका विद्यालयमा नगर तर्फबाट सिर्जना गरिएका शिक्षक दरवन्दी एवम् बालविकास सहजकर्तालाई निरन्तरता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४२. शिक्षक/कर्मचारी प्रसुती विदामा बस्दा वा अन्य कारणले शिक्षक रिक्त रहेका अवस्थामा युवा स्वयम् सेवक शिक्षक/कर्मचारी व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४३. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइमा पहुँच बढाउन तथा उनीहरूको सामाजिकीकरणमा सहयोग गर्न शुरुवात गरिएको दिवा स्याहार केन्द्र सञ्चालनलाई निरन्तरता दिएको छु ।

४४. विद्यालय स्तर निर्धारण परीक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४५. उत्कृष्ट नतिजा हासिल गरेका विद्यालय तथा विद्यार्थीहरूलाई पुरस्कृत गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४६. विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न राष्ट्रपति रनिङ सिल्ड तथा मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिनुका साथै विविध खेलकुद कार्यक्रम सञ्चालन गर्न रू. १६ लाख बजेट विनियोजन गरेको छु । वडास्तरबाट सञ्चालन हुने

कार्यक्रम समेत गरी युवा तथा खेलकुद कार्यक्रमका लागि रू. १८ लाख बजेट विनियोजन गरेको छु ।

४७. स्वास्थ्य सेवा सहज पहुँच, सर्वसुलभ, गुणस्तरीय बनाउनका लागि रू. ९१ लाख ४३ हजार बजेट विनियोजन गरेको छु ।

४८. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने नागरिकको मौलिक हक सुनिश्चित गर्न निःशुल्क वितरण हुँदै आएका औषधी सबै स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराउनका लागि रू. १५ लाख बजेट व्यवस्था गरिएको छ ।

४९. आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, नवजात शिशुको निःशुल्क उपचार, निःशुल्क पाठेघरको मुखको क्यान्सर जाँच, प्रयोगशाला सेवा मार्फत मृगौला, दीर्घ रोगको औषधी वितरण लगायतका कार्यक्रम सञ्चालन गरी स्वास्थ्य क्षेत्रमा सुधार गर्न बजेटको व्यवस्था गरिएको छ ।

५०. स्वास्थ्य सेवाबाट पहुँचमा पुग्न नसकेका ग्रामीण भेगमा रहेका गर्भवती महिलाहरूका लागि निःशुल्क ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

५१. गर्भवती/सुत्केरी तथा नसर्ने रोगको स्क्रीनिङ तथा जेष्ठ नागरिक कार्यक्रम, घुम्ती स्वास्थ्य परीक्षण, निःशुल्क स्वास्थ्य शिविर जस्ता कार्यक्रम मार्फत विपन्न समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य सेवामा पहुँच वृद्धि गर्न रू. ८ लाख बजेटको व्यवस्था मिलाएको छु ।

५२. रोगहरू पहिचान गर्न खोपजन्य रोगको सर्भिलेन्स कार्यक्रम सञ्चालन र स्वास्थ्य क्षेत्रको अध्ययन अनुसन्धान गर्नको लागि आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

५३. आयुर्वेद तथा वैकल्पिक चिकित्सालाई समय सापेक्ष बनाई सेवाग्राहीहरूको पहुँचमा पुऱ्याउन नागरिक आरोग्य सेवा क्लिनिक सञ्चालन, स्वस्थ जीवनशैली प्रवर्धन तथा तनाव व्यवस्थापन निःशुल्क आयुर्वेद तथा योग शिविर लगायतका कार्यक्रम सञ्चालन गर्नका लागि रू. १३ लाख ५० हजार बजेटको प्रबन्ध गरेको छु ।

५४. खानेपानी तथा सरसफाइ क्षेत्रमा विभिन्न खानेपानी योजना निर्माण, स्तरोन्नति र मर्मत सम्भारका कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरीय पिउने पानीको सहज पहुँच उपलब्ध गराउनका लागि रू. ६४ लाख ४९ हजार विनियोजन गरेको छु ।

५५. बालमैत्री स्थानीय शासन लागु गर्ने गरी नेपाल सरकारले लिएको लक्ष्य अनुसार भिमाद नगरपालिकालाई बालमैत्री स्थानीय शासन घोषणा गर्ने कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

५६. महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, मुस्लिम, अल्पसङ्ख्यक तथा पिछडिएका समुदाय लगायत वञ्चितीकरणमा परेका समुदायको आय आर्जन, क्षमता विकास र सशक्तिकरणका कार्यक्रमका लागि रू. ७५ लाख १९ हजार बजेट विनियोजन गरेको छु ।

५७. बाल उद्यान सहितको जेष्ठनागरिक विश्राम स्थल निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

५८. परम्परागत पेसा, व्यवसाय र सांस्कृतिक नृत्य एवम् भाषा, कला, साहित्यको संरक्षण एवम् प्रवर्द्धन गर्नका लागि रू. ५ लाख ५० हजार विनियोजन गरेको छु ।

५९. सामाजिक विकासतर्फ कुल रू. ४ करोड ९८ लाख ११ हजार बजेट विनियोजन गरेको छु ।

पूर्वाधार विकास

६०. नगर गौरवका योजनाहरू प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

६१. किहुँ मार्ग कालोपत्रे योजनाका लागि रू ९८ लाख ४३ हजार, सिद्धगुफा मोटरमार्ग निर्माण स्तरोन्नति योजनाका लागि रू. ६५ लाख, भिमगुफा मोटरमार्गको जलौदी खण्ड कालोपत्रे योजना (३,२ र ४) रू. ४० लाख, आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माणका लागि रू. २६ लाख, देवतमन्ती मोटरमार्ग स्तरोन्नतिका लागि १९ लाख, अठ्ठाइस वाहुन्दी मोटरमार्ग स्तरोन्नति योजनाका लागि रू. १५ लाख, रिषिङपाटन वुढाकोट धारूङभन्ज्याङ मोटरमार्ग स्तरोन्नतिका लागि १० लाख, उज्यालो भिमाद कार्यक्रमका

लागि रू. १० लाख, वुचा खर्ल्याङटु मोटरमार्ग स्तरोन्नति योजनाका लागि रू. १५ लाख विनियोजन गरेको छु ।

६२. लागत सहभागितामा सञ्चालन गरिने पूर्वाधार योजनाहरूका लागि रू. ५० लाख, नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिँचाइ लगायत अन्य भौतिक पूर्वाधार निर्माण तथा मर्मत सुधार र गत आर्थिक वर्षको भुक्तानी बाँकी योजनाको लागि रू. २० लाख विनियोजन गरेको छु साथै सङ्घ तथा प्रदेश सरकार तर्फको समपुरक योजनामा साझेदारी गर्न रू. १ करोड १५ लाख ४७ हजार बजेट व्यवस्था गरेको छु ।

६३. नगर उपप्रमुख समृद्धि कार्यक्रम अन्तर्गत विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

६४. क्षेत्रफल, जनसङ्ख्या, राजश्व सङ्कलनको अबस्था र विगत तीन वर्षको बजेट खर्चको प्रगतिका आधारमा हरेक वडाको समानुपातिक विकासका लागि सम्बन्धित वडाबाट प्रस्ताव भई आएका योजना तथा कार्यक्रमका लागि जम्मा रू. ८ करोड बजेट विनियोजन गरेको छु।

६५. पूर्वाधार विकास क्षेत्रतर्फ सडक, यातायात पूर्वाधारमा रू. ८ करोड ५० लाख २३ हजार र भवन, आवास तथा सहरी विकासमा रू. ३ करोड ४८ लाख ४० हजार गरी कुल रू. ११ करोड ९८ लाख ६३ हजार विनियोजन गरेको छु।

सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र

६६. विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण तथा प्रकोप पीडितहरूको उद्धार, राहत एवम् पुनर्स्थापना कार्यका लागि सहयोग गर्न स्थापना गरिएको मौजुदा विपद् व्यवस्थापन कोषमा रू. २० लाख बजेट व्यवस्था गरेको छु।

६७. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रका लागि कुल रू. ५७ लाख ३६ हजार विनियोजन गरेको छु।

६८. नगरसभाबाट स्वीकृत गरिएको भिमाद नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन (O&M) प्रतिवेदन, २०८२ को कार्यान्वयन गरिने छ ।

६९. सङ्घीय सरकारबाट आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य मार्फत राष्ट्रसेवक कर्मचारीहरूका लागि वृद्धि गरिएको तलब र प्रोत्साहन भत्तालाई लागु गर्ने व्यवस्था मिलाएको छु ।

७०. सेवा करारमा संघ तथा प्रदेशबाट दायित्व बहन हुने वा लागत साझेदारीमा नियुक्त भएका विभिन्न कार्यक्रममा कार्यरत कर्मचारीहरूको हकमा संघ तथा प्रदेशले तोके बमोजिम हुने र नगरपालिकाको स्रोतबाट तलब भुक्तानी हुने सेवा करारमा कार्यरत कमर्चारीहरुको हकमा तलबमा १० प्रतिशत बृद्धि गरेको छु ।

७१. कर्मचारीको तलव भत्ता, क्षमता विकास, नगरपालिकाको संस्थागत विकास गरी सुदृढ प्रशासन कायम गर्न कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि चालु तथा पुँजीगत तर्फ गरी कुल रू. १२ करोड १० लाख २० हजार विनियोजन गरिएको छ ।

७२. स्थानीय तहको कानुन निर्माण प्रक्रियालाई तथ्यपरक बनाउन आवश्यक प्रबन्ध मिलाईने छ । न्यायिक समितिलाई सक्षम, सवल तथा स्रोत साधन सम्पन्न बनाईनेछ । वडा स्तरमा गठन हुने मेलमिलाप केन्द्रहरूलाई सामुदायिक मेलमिलापको अबधारणमा रूपान्तरण गर्ने व्यवस्था मिलाईने छ ।

७३. कानुन र न्याय तर्फ कार्यसम्पादन गर्नका लागि रू. ४ लाख विनियोजन गरेको छु ।

७४. नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका संघ, संस्था, जलउपभोक्ता संस्था र टोल विकास संस्थालाई नीति निर्माण, विकास तथा सेवा प्रवाहका आवश्यक बजेट विनियोजन गरेको छु ।

७५. सङ्घीय सरकारबाट प्राप्त हुने ससर्त, विशेष र समपुरक अनुदान र प्रदेश सरकारबाट प्राप्त हुने ससर्त, समपुरक र विशेष अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू बाहेक कुल रू. ३२ करोड ३६ लाख २० हजार खर्च हुने अनुमान गरिएको छ । यस मध्ये चालु तर्फ रू. १७ करोड ५४ लाख ७२ हजार अर्थात् ५४ प्रतिशत र पुँजीगत तर्फ रू. १४ करोड ८१ लाख ४८ हजार अर्थात् ४६ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म सङ्घीय सरकारको ससर्त, विशेष र समपुरक अनुदानका रूपमा प्राप्त बजेट रू. ३४ करोड ९५ लाखबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूको खर्च अनुमान प्रस्तुत गर्न चाहन्छु ।

७६. आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि क्षेत्रमा रू. १ करोड ७ लाख २५ हजार, पशुपन्छी विकासमा रू. ८ लाख २५ हजार, वित्तीय क्षेत्रमा रू. २ लाख ७९ हजार र उद्योगमा रू. ७ लाख गरी कुल रू. १ करोड २५ लाख २९ हजार बजेट विनियोजन गरिएको छ ।

७७. सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा क्षेत्रमा रू. २५ करोड १९ लाख ८९ हजार, स्वास्थ्यमा रू. ४ करोड ६१ लाख ११ हजार, सामाजिक सुरक्षा तथा संरक्षणमा रू. ९ लाख ७१ हजार र खानेपानी तथा सरसफाइमा रू. ७८ लाख ५० हजार गरी कुल रू. ३० करोड ६९ लाख २१ हजार विनियोजन गरिएको छ ।

७८. पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक यातायातमा रू. २ करोड १५ लाख, भवन आवास तथा सहरी विकासमा रू. २५ लाख गरी जम्मा रू. २ करोड ४० लाख विनियोजन गरिएको छ ।

७९. सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ वित्तीय सुशासनमा रू. ६० हजार, श्रम रोजगारीमा रू. १४ लाख ९० हजार गरी जम्मा रू. १५ लाख ५० हजार विनियोजन गरिएको छ ।

८०. गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विशेष अनुदानमा धारादी एक घर एक धारा खानेपानी लिफ्टिङ योजनाको लागि रू. ४० लाख प्राप्त हुने, समपूरक अनुदान तर्फ भागर देखि जरेबरसम्म मोटरमार्ग स्तरोन्नति योजनाको लागि रू. ३९ लाख ९७ हजार गरी जम्मा रू. ७९ लाख ९७ हजार बजेट विनियोजन गरिएको छ।

८१. सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विशेष अनुदानमा हुक्काडाँडा दलित वस्ती एक घर एक धारा खानेपानी लिफ्टिङ योजनाको लागि रू. ७६ लाख ५० हजार प्राप्त हुने, समपूरक अनुदान तर्फ लोकतान्त्रिक मोटरमार्ग स्तरोन्नति योजनाको लागि रू. २५ लाख ६० हजार गरी जम्मा रू. १ करोड २ लाख १० हजार बजेट विनियोजन गरिएको छ।

८२. सङ्घीय सरकार तथा गण्डकी प्रदेश सरकारबाट प्राप्त ससर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानबाट प्राप्त रकम तोकिएकै शीर्षकमा खर्च गरिने छ । समपूरक अनुदानमा

नगरपालिकाको तर्फबाट गरिनुपर्ने लागत सहभागिताका लागि प्रर्याप्त हुने गरी बजेट विनियोजन गरेको छु ।

८३. समग्रमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि आर्थिक विकास क्षेत्रमा रू. ३ करोड ८६ लाख १९ हजार, सामाजिक विकास तर्फ रू. ३५ करोड ५० लाख ९३ हजार, पूर्वाधार विकास तर्फ रू. १३ करोड ७५ लाख ३ हजार, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ रू. ८२ लाख ८६ हजार, कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ रू. १२ करोड ३९ लाख ४४ हजार गरी कुल रू. ६६ करोड ३४ लाख ४५ हजार हुने अनुमान गरिएको छ । यस मध्ये चालु तर्फ रू. ४७ करोड ७७ लाख ७२ हजार अर्थात् ७२ प्रतिशत र पुँजीगत तर्फ रू. १८ करोड ५६ लाख ७३ हजार अर्थात् २८ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

सभाध्यक्ष महोदय,

अब म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेटको स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

८४. आगामी आर्थिक वर्ष २०८३/८४ मा अनुमान गरिएको कुल खर्च व्यहोर्ने स्रोत मध्ये अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गत सङ्घीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रू. ११ करोड १४ लाख, ससर्त चालु अनुदान रू. ३० करोड १८ लाख, ससर्त पुँजीगत अनुदान रू. ५५ लाख, समपूरक अनुदान २५ लाख ६० हजार, विशेष अनुदान रू. ७६ लाख ५० हजार गरी कुल रू. ४२ करोड ८९ लाख १० हजार आम्दानी हुने अनुमान गरिएको छ ।

८५. गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८३/८४ का लागि वित्तीय हस्तान्तरण अन्तर्गत समानीकरण अनुदान रू. १ करोड ४३ लाख २ हजार, विशेष अनुदान पुँजीगत रू. ४० लाख, समपूरक अनुदान पुँजीगत रू. ३९ लाख ९७ हजार गरी कुल रू. २ करोड २२ लाख ९९ हजार प्राप्त हुने अनुमान गरिएको छ ।

८६. राजश्व वाँडफाँट तर्फ वाँडफाँट भई प्राप्त हुने मुल्य अभिवृद्धि करबाट रू. ६ करोड ७४ लाख ८२ हजार, वाँडफाँट भई प्राप्त हुने अन्तःशुल्कबाट रू. २ करोड ८९ लाख २१ हजार, वाँडफाँटबाट प्राप्त हुने सवारी साधन करबाट रू. १ करोड ५६ लाख ४५ हजार

३ सय र घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट रू. ६० लाख ५० हजार, वाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रीबाट प्राप्त हुने रू. ५० लाख गरी कुल रू. १२ करोड ३० लाख ९८ हजार ३ सय प्राप्त हुने अनुमान गरिएको छ ।

८७. आन्तरिक आम्दानी तर्फ आन्तरिक राजश्व रू. २ करोड १६ लाख ४७ हजार ७ सय र नगद मौज्दात रू. ५ करोड ३१ लाख बहत्तर हजार गरी कुल रू. ७ करोड ४८ लाख १९ हजार ७ सय प्राप्त हुने अनुमान गरिएको छ।

८८. यसरी यस नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ मा कुल आम्दानी रू. ६४ करोड ९१ लाख २७ हजार हुने अनुमान गरिएको छ । सङ्घीय सरकार विशेष अनुदान र समपुरक अनुदान अन्तर्गतको रू. २ करोड ७९ लाख ९० हजार यस नगरपालिकाबाट माग नगरिएको तथा नगरपालिका क्षेत्रभित्रको कार्यक्षेत्र नभएको २ वटा योजनाहरू यस नगरपालिका अन्तर्गत विनियोजन देखिएकोले कुल बजेट यथार्थ भन्दा केही फरक देखिन आएको जानकारी गराउदछु।

८९. आम्दानी र खर्चका विस्तृत विवरणहरू अनुसूचीहरूमा समावेश गरिएको छ ।

९०. यस बजेटमा सङ्घीय र प्रदेश सरकारबाट अन्तर सरकारी अख्तियारी मार्फत प्राप्त हुने सामाजिक सुरक्षा भत्ता लगायतका अन्य कार्यक्रमलाई समावेश गरिएको छैन ।

९१. ससर्त, समपुरक र विशेष अनुदान मार्फत आर्थिक वर्षको बिचमा प्राप्त हुने बजेटहरू सुत्र प्रणालीमा प्रविष्टि गरी भुक्तानी दिने व्यवस्था मिलाईएको छ ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८३/८४ को लागि राजश्व परिचालन नीति प्रस्तुत गर्न चाहन्छु ।

९२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्रदान गरेको वित्तीय अधिकार क्षेत्रभित्र रही कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गर्दै लैजाने गरी करको दरमा सामान्य परिवर्तन तथा करको दायराको बृहत उपयोग गर्ने नीति अख्तियार गरिने छ ।

९३. नगरपालिकाको वार्षिक बजेटमा आन्तरिक राजश्वको हिस्सा वृद्धि गर्न मौजुदा राजश्वको दर पुनरावलोकन र दायरालाई विस्तार गरिने छ।

९४. अव्यवस्थित, भूमिहीन तथा सुकुम्वासीहरू बसोवास गर्ने क्षेत्रमा बहाल बिटौरी कर लगाई उक्त क्षेत्रहरूलाई करको दायरामा ल्याइने छ ।

९५. कर तथा गैर कर राजश्व सङ्कलनमा हुने चुहावटलाई नियन्त्रण गर्न आवश्यक प्रबन्ध मिलाईने छ । नदीजन्य पदार्थको उत्खनन् तथा सङ्कलनमा हुने चोरी निकासीलाई नियन्त्रण गरिने छ ।

९६. नगरपालिकामा करको दायरामा नआएका तर अन्य कार्यालयमा दर्ता भएका वा हाल सम्म व्यवसाय दर्ता नभएका करदातालाई चालु आर्थिक वर्षको असोज महिनाभित्र व्यवसाय दर्ता गरी कर बुझाएमा कर रकमको ४० प्रतिशत छुट दिने व्यवस्था मिलाएको छु ।

९७. व्यवसाय करको दर्ता र नवीकरणमा एकल दर प्रणाली लागु गरिएकोमा आगामी आर्थिक वर्षबाट व्यवसाय दर्ता र नवीकरणमा छुट्टा छुट्टै दर निर्धारण गरेको छु ।

९८. महिलाको नाउँमा रहेको व्यवसायको हकमा २५ प्रतिशत कर छुटको व्यवस्थालाई निरन्तरता दिएको छु ।

९९. क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरूले व्यवसाय सञ्चालन गरेमा वार्षिक व्यवसाय करमा शत प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिएको छु ।

१००. चालु आर्थिक वर्ष देखि प्राकृतिक विपत्तीमा परी घरवास गुमाएका परिवारले मापदण्ड बमोजिम घर निर्माण गर्न पेश गरेको नक्सापास दस्तुरमा एक हजार वर्ग फिट सम्मको जमिनतला घरको ५० प्रतिशत सम्म छुट दिने प्रबन्ध गरेको छु ।

१०१. नगरपालिकाले कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७९ ले ठेक्का मार्फत उठाउने भनी किटान गरेका करको हकमा ठेक्का बमोजिमको कवोल अङ्क एकमुष्ठ बुझाएमा उक्त कवोल अङ्कको पाँच प्रतिशत छुट दिने व्यवस्था गरिएको छ ।

१०२. करका दरहरू समेत उल्लेख भएको आर्थिक विधेयक, २०८३ तथा खर्चलाई व्यवस्थित गर्न बनेको विनियोजन विधेयक, २०८३ समेत साथै पेस गरेको छु ।

सभाध्यक्ष महोदय,

अन्त्यमा, यो बजेट तथा कार्यक्रम तयार गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा मार्गदर्शन प्रदान गरी सहयोग गर्नुहुने श्रद्धेय नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका

पदाधिकारीज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू एवम् नगर सभाका सदस्यज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस नगरपालिकाको विकासमा निरन्तर सल्लाह, सुझाव र सहयोग गर्नुहुने सम्पूर्ण राजनीतिक दल, बुद्धिजिवी, नागरिक समाज, उद्योगी व्यवसायी, सञ्चार जगत, सरकारी तथा गैरसरकारी संस्था, टोल विकास संस्था एवम् नगरबासी बुवा-आमा, दिदी-बहिनी तथा दाजुभाईहरू लगायत यो बजेट तर्जुमाका लागि खटिनुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सबैको सहयोग, समन्वय र सहकार्य प्राप्त हुने अपेक्षा राखेको छु।

धन्यवाद ।

शारदा खनाल
उपप्रमुख एवम् संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति

भिमाद नगरपालिकाको आर्थिक ऐन, २०८३

प्रमाणीकरण र प्रकाशित मिति

२०८३/०३/३१

भिमाद नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८३

संवत् २०८३ सालको ऐन नं. १

प्रस्तावना: भिमाद नगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ देखि अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम भिमाद नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम **"भिमाद नगरपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ। यो ऐन २०८३ साल श्रावण १ गतेदेखि भिमाद नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर:** नगरपालिकाका क्षेत्रभित्र अनुसूची- १ बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असुल उपर गरिने छ ।

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची- २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने

४. **बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची- ३ बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिने छ ।

५. **व्यवसाय करः** नगरपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची- ४ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

६. **जडिबुटी, कबाडी र जीवजन्तु करः** नगरपालिकाक्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची- ५ बमोजिमको कर लगाइने र असुल उपर गरिने छ ।

७. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची- ६ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ ।

८. **मनोरञ्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची -७ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ।

९. **पटके व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र घुम्ती व्यापार गर्नेलाई अनुसूची- ८ मा उल्लेख भए अनुसार कर लगाइने छ तर नगरपालिकामा व्यवसाय दर्ता गर्नेको हकमा यस दफा लागु हुने छैन ।

१०. **स्वास्थ्य सेवा शुल्कः** अनुसूची -९ बमोजिम स्वास्थ्य सेवा शुल्क लगाई असुल उपर गरिने छ ।

११. **सरसफाइ शुल्कः** अनुसूची-१० बमोजिम सरसफाइ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२. **शिक्षा सेवा शुल्कः** अनुसूची-११ बमोजिम शिक्षा सेवा शुल्क लगाई असुल उपर गरिने छ

१३. **एफ एम सञ्चालन दस्तुरः** अनुसूची-१२ बमोजिम एफ.एम. सञ्चालन दस्तुर लगाई असुल उपर गरिने छ ।

१४. **न्यायिक दस्तुरः** अनुसूची-१३ बमोजिम न्यायिक दस्तुर लगाई असुल उपर गरिने छ ।

१५. **परिक्षा शुल्कः** अनुसूची-१४ बमोजिम परिक्षा शुल्क लगाई असुल उपर गरिने छ ।

१६. **नक्सा पास दस्तुरः** अनुसूची-१५ बमोजिम नक्सा पास दस्तुर लगाई असुल उपर गरिने छ ।

१७. **स्थानीय उत्पादन शुल्कः (१)**अनुसूची-१६ मा उल्लेख भएका **स्थानीय स्तरमा उत्पादन भई नगरपालिकाक्षेत्र वाहिर निकासी हुने उत्पादनमा** स्थानीय उत्पादनको कारोवार गरे वापत स्थानीय उत्पादन शुल्क लगाइने र असुल उपर गरिने छ। (२) कुनै पनि स्थानीय तहबाट भिमाद नगरपालिकाक्षेत्र भित्र निकासी भई आउने उत्पादनमा उपदफा (१) बमोजिम शुल्क लाग्नेछ ।

१८. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची- १७ बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१९. **सेवा शुल्क दस्तुरः** नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची- १८ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ ।

२०. **साना सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची- १९ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।

२१. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची- २० मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिने छ ।

२२. **बहाल बिटौरी शुल्कः** अनुसूची- २१ बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिने छ।

२३. **जलस्रोतको उपयोग तथा अनुमति दस्तुरः** अनुसूची-२२ बमोजिम जलस्रोतको उपयोग तथा अनुमति दस्तुर लगाई असुल उपर गरिने छ ।

२४. **प्राकृतिक स्रोत शुल्क-** भिमाद नगरपालिका अन्तर्गतका वन क्षेत्र निजी जग्गामा रहेका रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिटी ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी तथा खोलाले बगाएर ल्याएको काठ, कुकाठ र दाउरा-जराजुरी लगायतका दहत्तर-बहत्तर जस्ता खानीजन्य पदार्थको उत्खनन र सङ्कलनमा अनुसूची-२३ बमोजिम शुल्क लगाइ असुल उपर गरिने छ।

२५. **प्रशासनिक दण्ड जरिवानाः** (१) अनुसूची-२४ बमोजिम दण्ड जरिवाना लगाई असुल उपर गरिने छ।

(२) उपदफा (१) बमोजिम दण्ड जरिवाना असुल गर्ने कार्यमा संलग्न प्रहरी, नगर प्रहरी तथा कर्मचारीहरूलाई संकलित जरिवानाको २५ प्रतिशत प्रोत्साहन भत्ताको रूपमा उपलब्ध गराइने छ ।

२६. **कर छुटः** चालु आर्थिक वर्षको लागि कर छुट सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकामा करको दायरामा नआएका तर अन्य कार्यालयमा दर्ता भएका वा हाल सम्म व्यवसाय दर्ता नभएका करदातालाई चालु आर्थिक वर्षको असोज महिनाभित्र व्यवसाय दर्ता गरी कर बुझाएमा कर रकमको ४०

प्रतिशत छुटको व्यवस्था गरिने छ ।यस अवधिको जरिवाना तथा ब्याज समेत मिनाहा गरिने छ।

(ख) महिलाको नाउँमा रहेको व्यवसायको हकमा २५ प्रतिशत कर छुटको व्यवस्था मिलाईनेछ तर चालु आर्थिक वर्षको पौष मसान्तभित्र मात्र यो व्यवस्था लागु हुनेछ ।

(ग) "क" र "ख" वर्गका पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूले व्यवसाय सञ्चालन गरेमा वार्षिक व्यवसाय करमा सत प्रतिशत छुट दिइनेछ । यो छुट सुविधाको लागि अपाङ्गता परिचयपत्र अनिवार्य रूपमा पेस गर्नुपर्ने छ ।

(घ) चालु आर्थिक वर्ष देखि प्राकृतिक विपत्तिमा परी घरवास गुमाएका परिवारले मापदण्ड बमोजिम घर निर्माण गर्न पेस गरेको नक्सापास दस्तुरमा एकहजार वर्ग फिट सम्मको जमिनतला घरको ५० प्रतिशत सम्म छुट दिइने छ ।

(ङ) नगरपालिकाले कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७९ ले ठेक्का मार्फत उठाउने भनी किटान गरेका करको हकमा ठेक्का बमोजिमको कवोल अङ्क एकमुष्ठ बुझाएमा उक्त कवोल अङ्कको पाँच प्रतिशत छुट दिइनेछ तर यसमा मूल्य अभिवृद्धि कर र स्रोतमा कर कट्टी प्रयोजनको लागि लिइने करको हकमा लागु हुने छैन ।

२७. **<u>कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

२८. **<u>अन्य व्यवस्थाः</u>** (१)नगरपालिकाक्षेत्रभित्र भवन निर्माण गर्न नक्सा दरखास्त पेस गरी नक्सा वापत तोकिएको दस्तुर बुझाएकोमा कुनै कारणले नक्सापास हुन नसकी सेवाग्राहीले सेवा प्राप्त नगरेको अवस्थामा दस्तुर बुझाएको सोही आर्थिक वर्ष भित्र दस्तुर फिर्ता माग्न आएमा दस्तुर बुझाएको १० प्रतिशत कट्टा गरी

नक्सा दरखास्तवालालाई वाँकी रकम राजश्व परामर्श समितिको निर्णय गरी फिर्ता गर्न सकिने छ । यस व्यवस्था अभिलेखिकरण प्रयोजनको लागि पनि लागु गरिने छ।

(२) करदाताले यस ऐन बमोजिम कर बुझाउदा तिर्नुपर्नेभन्दा बढी कर दाखिला गरेमा वा जुन प्रयोजनको लागि कर दाखिला गरेको हो उक्त कार्य वा सेवा प्राप्त नहुने अवस्था भएमा करदाताले दाखिला गरेको पैँतिस दिनभित्र निवेदन दिनुपर्नेछ । उक्त व्यहोरा साचो देखिएमा राजश्व परामर्श समितिको निर्णयानुसार एक महिनाभित्र रकम फिर्ता गर्न सकिने छ ।

(३) यस ऐन प्रारम्भ हुनुभन्दा अगाडि कुनै व्यक्तिले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन गर्ने प्रयोजनको लागि आफ्नो नाउँमा जग्गा धनी श्रेस्ता पूर्जा भएको जग्गामा राजश्व दाखिला गरी जग्गा उत्खनन् अनुमति लिइएको तर काबु बाहिरको परिस्थिति सृजना भई निजले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् संकलन तथा ओसारपसार गर्न नपाई निजलाई अपुरणीय क्षति हुन गएको वस्तु निष्ठ आधार सहित निवेदन दिएमा यस ऐन बमोजिम राजश्व फिर्ता गर्न सकिने छ।

(४) उपदफा (३) बमोजिम राजश्व फिर्ता गर्दा प्राविधिक शाखा प्रमुखको संयोजकत्वमा सम्बन्धित वडागतको प्रतिनिधी सहित प्राविधिक अध्ययन प्रतिवेदनको सिफारिसको आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार निज जग्गा धनी वा निजले सम्झौता गरेको कम्पनी वा फर्मको नाउँमा राजश्व फिर्ता गर्न सकिने छ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)
बहाल कर

क्र. सं.	करसूची	विवरण	दर	कैफियत
१	घरबहाल कर	सरकारी निकाय तथा अन्य संघ संस्था कम्पनी लि.ले बहालमा लिएको घर तथा भवन	१० प्रतिशत	
		एकलौटी फर्म साझेदारी तथा प्रा.लि. ले बहालमा लिएको घर तथा भवन	१० प्रतिशत	
		व्यक्तिले आवासिय प्रयोजनका लागि बहालमा लिएको घर	५ प्रतिशत	
२	जग्गा बहाल कर	उत्पादनमूलक व्यवसायिक कृषि प्रयोजनको लागि बहालमा लिएको जग्गा	३ प्रतिशत	
		व्यापार तथा व्यवसायिक प्रयोजनको लागि बहालमा लिएको जग्गा	५ प्रतिशत	

द्रष्टव्यः

१. सम्झौतामा उल्लेख गरिएको रकमको अनुसूची ३ बमोजिमको दर रेटले हुन आउने रकम र तोकिएको निर्धारित न्यूनतम रकममा जुन बढी हुन्छ बढी हुने रकमको आधारमा बहाल कर लगाइने छ।

